# लेखापरीक्षण प्रतिवेदन

## क्होलासोथार गाउँपालिका, लमजुङ

आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## क्होलासोथार गाउँपालिका, लमजुङ

आर्थिक वर्ष २०८१/८२

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश**
**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/414

श्रीमान् अध्यक्षज्यू,

क्होलासोथार गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय, लमजुङ ।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।०८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

"

( श्याम प्रसाद भण्डारी )
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/414

**स्थानीय तहको रायसहितको प्रतिवेदन**

श्रीमान अध्यक्षज्यू ,
क्होलासोथार गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय लमजुङ।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

## १. कैफियत सहितको राय

हामीले तहाँ गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक,पालिकाबाटपेस भएको २०८२ आषाढ मसान्तसम्मको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्रलेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमाअन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष, लगायतका कारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको लेखापरीक्षणबाट रु. १ करोड १४ लाख ७१ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु. ८६ लाख ४३ हजार फर्स्यौट भई असुल गर्नुपर्ने रु ३ लाख, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२ लाख ५६ हजार, नियमित गर्नुपर्ने रु.२२ लाख ७२ हजार गरी जम्मा रु.28 लाख २८ हजार ७६१ बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु. ६ करोड २२ लाख १२ हजार मध्ये रु.७३ लाख ६९ हजार फर्स्यौट भई यस वर्षको थप रु २८ लाख २८ हजार समेत हालसम्म अद्यावधिक बेरुजू रु.५ करोड ७६ लाख ७२ हजार बाकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।


**३. अन्य बेहोरा-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

## ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## ५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।



( श्याम प्रसाद भण्डारी )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७७ | १९ | १,१४,७१,९१७ | ० | १४ | ८६,४३,१५६ | ० | ७७ | ५ | २८,२८,७६१ | ३,००,००० | २२,७२,७६१ | २,५६,००० | ० | ० | २५,२८,७६१ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| लमजुङ | ६,२२,१२,८५३ | 0 | ७३,६९,२६० | ५४८४३६४७ | 0 | २८,२८,७६१ | ५७६७२४०८ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८१/८२ | 72.२ | सामाजिक सुरक्षा तर्फ : | १,३१,९४० |
| २ | २०८१/८२ | ५७.३ | प्रदेश सरकारबाट हस्तान्तरित पुँजीगत अनुदान | ८१,९०,७८२ |
| ३ | २०८१/८२ | ३३ | दाखिला गर्न बाँकी आम्दानी : | १,४९० |
| ४ | २०८१/८२ | ६५ | कार्यस्थल सुरक्षा सामाग्री खरिद : | १,३३,६७९ |
| ५ | २०८१/८२ | ७५ | इन्टरनेट जडान : | १,८१,७७७ |
| ६ | २०८१/८२ | ८१.२ | आन्तरिक लेखापरीक्षण : | ३,४८८ |

| | | | | |
|---|---|---|---|---|
| ७ | २०८०/८१ | ५५ | संघीय र स्थानीय कार्यक्रममा दोहोरोपना | ८,२८,००० |
| ८ | २०८०/८१ | ३७ | विद्यालय लेखापरीक्षण अनुदानः | २,९५,००० |
| ९ | २०८०/८१ | ३२ | बहाल कर : | ३,५०० |
| १० | २०८०/८१ | ३३ | दोहोरो भुक्तानी : | ५१,९०० |
| ११ | २०८०/८१ | ६० | दोहोरो पदाधिकारी सुविधा | २०,००० |
| १२ | २०८०/८१ | १२ | गत वर्षको दायित्व भुक्तानी | ५८,७८,६६० |
| १३ | २०८०/८१ | ५९ | कृषी ढुवानी | २,५७,२०० |
| १४ | २०७९/८० | ३५ | पेश्की बाकी | ३५,००० |
| जम्मा | | | | १,६०,१२,४१६ |

# क्होलासोथार गाउँपालिका, लमजुङ

# ( ८०४३७५०१३०० )

# कव्होलासोथार गाउँपालिका , लमजुङ

# परिचय

१ **भूमिका**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ९ वडा रहेको छ भने क्षेत्रफल १७५.३७ वर्ग किलोमिटर तथा ७ हजार ९६० जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय र व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।०४।३० देखि २०८२।०५।०२ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय र व्ययतर्फ रु. ७७ करोड ९५ लाख ५७ हजार ७७३ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छन् ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ६५०१३।- असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | शिक्षा तर्फ पाठ्य पुस्तक बढी निकासा दाखिला | १७६३ |
| २ | शिक्षा तर्फ दिवा खाजा बढी निकासा दाखिला | २९७७० |
| ३ | शिक्षा तर्फ छात्रवृत्ति बढी निकासा दाखिला | १२८०० |
| ४ | शिक्षकको तलब भत्ता बढी निकासा | १८५९ |
| ५ | निकासा फिर्ता | २१०३ |
| ६ | घटी दाखिला भएको | ७१५ |
| ७ | सामाजिक सुरक्षा बढी निकासा | १६००३ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **स्थानीय तहको सञ्चित कोष :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०८१।८२ को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७० निम्न बमोजिम रहेको छः

| क्र.स./ आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | गत आ.ब. को कारोबार | |
|---|---|---|---|---|---|
| | | नगद | जम्मा | नगद | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | |
| ११००० | कर | ६,६९,९२,९४९.७० | ६,६९,९२,९४९.७० | ७,०४,०४,१०२.७२ | ७,०४,०४,१०२.७२ |
| १३००० | अनुदान | २२,६९,१६,२५०.६४ | २२,६९,१६,२५०.६४ | २१,९८,२८,८४०.९६ | २१,९८,२८,८४०.९६ |
| १४००० | अन्य राजस्व | ४६,०६,२९९.२३ | ४६,०६,२९९.२३ | २७,८३,२९१.५७ | २७,८३,२९१.५७ |
| १५००० | विविध प्राप्ति | ९,१०,५२१.०० | ९,१०,५२१.०० | १,०६,३८१.०० | १,०६,३८१.०० |
| क | कुल जम्मा प्राप्ति | २९,९४,२६,०२०.५७ | २९,९४,२६,०२०.५७ | २९,३१,२२,६१६.२५ | २९,३१,२२,६१६.२५ |
| ३ | चालु | २२,५३,८३,८३२.४६ | २२,५३,८३,८३२.४६ | २३,२१,००,८९१.८५ | २३,२१,००,८९१.८५ |
| २१००० | पारिश्रमिक / सुविधा | १५,५०,८३,५४६.३७ | १५,५०,८३,५४६.३७ | १४,५७,८४,६५५.५४ | १४,५७,८४,६५५.५४ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ५,७७,७७,९७३.६९ | ५,७७,७७,९७३.६९ | ६,७०,२०,७४३.८१ | ६,७०,२०,७४३.८१ |
| २५००० | सहायता (Subsidy) | ३०,८६,६५०.०० | ३०,८६,६५०.०० | ५८,९३,८७१.०० | ५८,९३,८७१.०० |
| २६००० | अनुदान | ० | ० | ७०,२५,८५१.५० | ७०,२५,८५१.५० |
| २७००० | सामाजिक सुरक्षा | ८२,८५,२१२.४० | ८२,८५,२१२.४० | ५३,९०,१८०.०० | ५३,९०,१८०.०० |
| २८००० | अन्य खर्च | ११,५०,४५०.०० | ११,५०,४५०.०० | ९,८५,५९०.०० | ९,८५,५९०.०० |
| ४ | पूंजीगत | ७,९३,८३,८४४.८२ | ७,९३,८३,८४४.८२ | ५,१७,७२,१९५.०२ | ५,१७,७२,१९५.०२ |
| ३१११० | भवन तथा संरचना | ६७,६४,९९९.०० | ६७,६४,९९९.०० | २३,६४,१३९.०० | २३,६४,१३९.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | २४,८४,१५८.०० | २४,८४,१५८.०० | ४१,९१,५०५.९९ | ४१,९१,५०५.९९ |
| ३११३० | अन्य पूँजीगत खर्च | ४३,५९,२३३.०० | ४३,५९,२३३.०० | ८,२०,११३.०० | ८,२०,११३.०० |
| ३११५० | सार्वजनिक निर्माण | ६,३३,००,३८२.८२ | ६,३३,००,३८२.८२ | ४,३४,३२,८३७.०३ | ४,३४,३२,८३७.०३ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | १२,९९,०१६.०० | १२,९९,०१६.०० | २,८८,०००.०० | २,८८,०००.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | ११,७६,०५६.०० | ११,७६,०५६.०० | ६,७५,६००.०० | ६,७५,६००.०० |
| ख) | कुल जम्मा भुक्तानी | ३०,४७,६७,६७७.२८ | ३०,४७,६७,६७७.२८ | २८,३८,७३,०८६.८७ | २८,३८,७३,०८६.८७ |
| ग) | बचत /कमी (ग = क-ख ) | (५३,४१,६५६.७१) | (५३,४१,६५६.७१) | ९२,४९,५२९.३८ | ९२,४९,५२९.३८ |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | २४,५९,५१०.४५ | २४,५९,५१०.४५ | (४,५२,९९८.१८) | (४,५२,९९८.१८) |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | (३,३७,७२०.०४) | (३,३७,७२०.०४) |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | (२८,८२,१४६.२६) | (२८,८२,१४६.२६) | ८७,९६,५३१.२० | ८७,९६,५३१.२० |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | २,९२,९९,१७०.६१ | २,९२,९९,१७०.६१ | २,०६,८१,४८६.६१ | २,०६,८१,४८६.६१ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | २,६४,१७,०२४.३५ | २,६४,१७,०२४.३५ | २,९४,७८,०१७.८१ | २,९४,७८,०१७.८१ |

गाँउपालिकाले पेस गरेको वित्तीय विवरणमा समावेश नभएको खर्च शीर्षकहरू निम्नानुसार रहेका छन्:

| **सि.नं.** | **खर्च शीर्षक** | **निकासा खर्च** |
|---|---|---|
| १ | सामाजिक सुरक्षा तथा संरक्षण | ८१०००००७१।०० |
| २ | मुख्यमन्त्री नव प्रबर्द्धन कार्यक्रम | ४३४२३९५।०० |
| ३ | खानेपानी तथा सरसफाइ कार्यक्रम | ११६८५७।०० |
| **जम्मा** | | **८५४५९३२३।००** |

३ **वित्तीय बिबरणको परीक्षण**

**वित्तीय प्रतिवेदन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

३.१ **वित्तीय विवरणको यथार्थता :** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ८१०००००७१।००, मुख्यमन्त्री नव प्रबर्द्धन कार्यक्रमको रु.४३४२३९५।०० र खानेपानी तथा सरसफाइ कार्यक्रमको रु.११६८५७।०० समेत रु.८५४५९३२३।०० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । लेखापरीक्षणको क्रममा गाउँपालिकासँग एकीकृत आर्थिक विवरण माग गरेकोमा पेश हुन सकेन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

३.२ **फरक जिम्मेवारी** : पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाले पेश गरेको आर्थिक विवरणमा गत वर्षको मौज्दात रु. २९४७८०१७।८१ र गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.२९०९१६६६।७३ अन्तिम मौज्दात रहेकोमा यो वर्ष रु. २९२९९१७०।६१ जिम्मेवारी सारेकोले रु. २०७५०३।८८ बढी तथा आर्थिक विवरणमा उल्लेख भएकोभन्दा रु. १७८८४७।२ घटी जिम्मेवारी सारेको देखियो । जिम्मेवारी फरक परेको सम्बन्धमा पालिकाले यकिन गर्नुपर्दछ।

३.३ **बैङ्क हिसाब विवरण :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ताले देखाएको बाँकी मौज्दात र बैङ्क मौज्दातमा निम्नानुसार रु. ६८२१३३४।९६ फरक परेको छ । पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

| बैंकको नाम | खाता नं | खाताको प्रकार | श्रेस्ता अनुसार बाकी रु | बैंक अनुसार बाकी रु |
|---|---|---|---|---|
| हिमालयन बैंक लि. | २.५६५०३E+१३ | ग २.२, चालू खर्च खाता- जोर वर्ष | ० | ४५,८६,८९८.५३ |
| हिमालयन बैंक लि. | २.५६५०३E+१३ | ग २.४, पुँजीगत खर्च खाता- जोर वर्ष | ० | २२,६६,०१८.०० |
| हिमालयन बैंक लि. | २.५६५०३E+१३ | ग २.७, विविध खर्च खाता | १२,१०,०३४.४८ | १२,१०,०३४.४८ |
| हिमालयन बैंक लि. | २.५६५०३E+१३ | ग ३.१, स्थानीय तह धरौटी खाता | २०,५७,७२९.५६ | ३९,५२,६०४.१९ |
| सिभिल बैंक लि. | ५.७१०३८E+१२ | ग ३.१, स्थानीय तह धरौटी खाता | २०,७३,७२१.८३ | |
| हिमालयन बैंक लि. | २.५६५०३E+१३ | ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | २,१२,५४,३८५.६८ | २,१४,०१,६५१.३१ |
| जम्मा | | | २,६५,९५,८७१.५५ | ३,३४,१७,२०६.५१ |

४ **सेवा प्रवाह :**

पालिकाले स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसारका सेवाहरु पालिकावासीलाई प्रदान गर्दछ। आफ्नो कार्यक्षेत्र भित्रका नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, जन्म, मृत्यु, विवाह दर्ता, बसाईसराई, विद्युत मिटर सिफारिस, निःशुल्क सिफारिस लगायत अन्य विभिन्न सेवा प्रवाहको विवरण अद्यावधिक गरी अभिलेखिकरण गरिनु पर्दछ। पालिकाबाट प्रवाहित सेवाहरुको विवरण निम्नानुसार रहेको छ।

| **विवरण** | **जम्मा** |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ० |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | २६५ |
| मृत्युदर्ता | १४७ |
| बसाईसराई दर्ता | ५८ |
| विवाह दर्ता | १४९ |
| सम्बन्धविच्छेद दर्ता | ३३ |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | ४.३ किमि(हाल सम्मको) |
| कालोपत्रे सडक मर्मत | |
| ग्राभेल सडक निर्माण | ५० किमि(हाल सम्मको) |
| ग्राभेल सडक मर्मत | |
| सडक निर्माण | १६१.५५ किमि(हाल सम्मको) |
| माटे सडक(कृषि सडक) | १०४.२५ किमि(हाल सम्मको) |

५ **आन्तरिक नियन्त्रण प्रणाली :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन, २०७८ (नमुना सहित) तर्जुमा गरी सबै

स्थानीय तहहरूलाई कार्यान्वयन गर्न मिति २०७८।०८।१३ मा परिपत्र समेत गरेको छ । हालसम्म यस पालिकाले सो बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका बनाई लागु गरेको देखिएन । यसै गरी वित्तीय व्यवस्थापन कार्यमा आन्तरिक जाँच र आन्तरिक लेखापरीक्षण प्रभावकारी हुन नसकेको, अनुगमन तथा मूल्यांकनलाई प्रभावकारी बनाउन नसकेको अवस्था समेत देखिएको छ । जसले गर्दा आन्तरिक नियन्त्रण प्रणालीको प्रमुख उद्देश्य अनुसार पालिकाले निर्धारित विधि र प्रक्रिया अनुसार कार्यसम्पादन गरी लक्ष्य प्राप्त गर्नु पर्नेमा सोअनुसार नभएकोले सम्भावित जोखिमहरूको समयमै पहिचान, रोकथाम र नियन्त्रण प्रभावकारी हुन नसकेको अवस्था छ । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि आश्वस्त हुन सक्ने अवस्था देखिँदैन । यसमा सुधार हुनु पर्दछ।

६ **अनुदान फिर्ता :**

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि अनुसार ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानीकरण बाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण ( सुत्रको म.ले.प.फा.नं. २७० को अनुसूची २) अनुसार २०८२ असार मसान्तमा देहायको अनुदान खर्च भई बाँकी रहेको रकम मिति २०८२।३।२५ मा फिर्ता गरेको पाइयो।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता रकम |
|---|---|---|---|---|
| **संघीय सरकार** | शसर्त | १३७०८७९७१।६४ | ११४७५२६९४।२८ | २२३३५२७७।३६ |
| | समपुरक | १०२५३४६९।०० | १०२५३४६९।०० | |
| **प्रदेश सरकार** | शसर्त | ३९९७०००।०० | ३९९७००।०० | |
| | समपुरक | ४६०००००।०० | ४२०००००।०० | ४०००००।०० |
| | | | **जम्मा** | **२२७३५२७७।३६** |

७ **न्यायिक समिति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नभएको र यो वर्ष १ विवाद दर्ता भएकोमा फर्स्यौट भई बाँकी रहेको देखिएन ।

८ **सहकारी नियमन :**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

९ **कानून निर्माण र कार्यान्वयन स्थिति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस पालिकाले हालसम्म ३१ वटा ऐन, ३ वटा नियमावली, २५ कार्यविधि र १ आचारसंहिता लगायत ५५ वटा कानुन निर्माण गरी कार्यान्वनमा ल्याएको छ ।

१० **बजेट सीमा निर्धारण समिति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

११ **बजेट तथा कार्यक्रम तर्जुमा :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

१२ **बजेट पेश, पारित र अख्तियारी :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८१।३।१० मा रु.३७ करोड ९८ लाख ५८ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।४।७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

१३ **बजेट अवण्डा :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु. ६१६५०००।०० अबण्डा बजेट व्यवस्था गरी विभिन्न योजनामा खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

| **क्र सं** | **योजनाको नाम** | **बजेट / खर्च** |
|---|---|---|
| १. | डोजर भाडा तथा इन्धन एवम् सडक तथा पुल निर्माण | २२५००००।०० |
| २. | साना तथा भैपरी आउने पुजिगत खर्च | १९१५०००।०० |
| ३. | फुटकर खर्च | २००००००।०० |
| | **जम्मा** | **६१६५०००।००** |

१४ **योजना प्राथमिकीकरण :**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नअनुसार ९ वडाको लागि वडागत र पालिकास्तरका कुल १३३ योजनामा बजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | ६४ | ४ | १२ | ४८ |
| २ | वडास्तरीय | ६९ | ० | ११ | ५८ |
| जम्मा | | १३३ | ४ | २३ | १०६ |

उपर्युक्त विवरणबाट पालिकाले धेरै संख्यामा साना योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनाबाट दीर्घकालीन प्रतिफल प्राप्त नहुने, सञ्चालन लागत बृद्धि भई लागत प्रभावी नहुने तथा गुणस्तर नियन्त्रण गर्न कठीन हुने देखिन्छ। तसर्थ पालिकाले दीर्घकालीन प्रतिफल प्राप्त हुने गरी योजना छनौट तथा प्राथमिकीकरण गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्दछ।

## १५ वार्षिक खरिद योजना/गुरुयोजना :

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.७९३६४२३७।८२ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

## १६ क्षेत्रगत बजेट र खर्चको स्थितिः

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) जम्मा खर्चको तुलनामा |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १,९८,४४,०००.०० | १५६९३४४६. | ५.३३ |
| २ | सामाजिक विकास | १३,०१,५०,०००.०० | ११२४१२७३२.८ | ३८.१७ |
| ३ | पूर्वाधार विकास | ६,०२,३०,०००.०० | ५३८९२७६८.८२ | १८.३० |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २९,८८,०००.०० | २७४४९५४ | ०.९३ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १३,८३,७७,७६३.०० | १०९७७०३०६.६६ | ३७.२७ |
| **कुल जम्मा** | | **३५,१५,८९,७६३.००** | **२९४५१४२०८.२८** | **१००.००** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ३८.१७ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटीमा ०.९३ प्रतिशत रहेको छ ।

१७ **खर्च बिश्लेषणः**

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु. ५४९०९५८।९८ राजस्व बाँडफाँड र अनुदानबाट रु ६६५३२३१२।६९ समेत रु. ७२०२३२७१।६७ आम्दानी भएकोमा चालु तर्फ रु. २२५३८१६८२। र पूँजिगत तर्फ रु. ७९३६४२३७।८ समेत रु. ३०४७४५९२०।३ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.८ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु. ७५००००० ।०० खर्च भएको छ जुन आन्तरिक आयको १३६.६ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७४ प्रतिशत चालु र २६ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

१८ **त्रैमासिक पुँजीगत खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च (रु हजारमा) | त्रैमासिक खर्च (रु हजारमा) | | | | आषाढ महिनाको खर्च (रु हजारमा) |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | ७९३८४ | १८४५ | १३८५ | १२९८८ | ६३१६६ | **२३६११** |
| प्रतिशत | १०० | २.३२ | १.७४ | १६.३६ | ७९.५७ | **२९.७४** |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. ७९३८४ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.१८४५ हजार (२.३२ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.१३८५ हजार (१.७४ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.१२९८८ हजार (१६.३६ प्रतिशत) र चौथो त्रैमासिकमा रु. ६३१६६ हजार (७९.५७ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. २३६११ हजार (२९.७४ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१९ **ठेक्का अभिलेखः**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

२० **प्राविधिक बिल र कार्य सम्पन्नः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

२१ **डि.एल.पि.अभिलेख :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ (१) मा खरिद सम्झौता वमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एज विल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। त्यस्तै सोही नियमको उपनियम २ मा त्रुटी सच्याउने दायित्व अवधि समाप्त भएपछि ड्रइङ्ग, डिजाइन वा स्पेशिफिकेशन वमोजिम भए नभएको जाँचवुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने छ।त्यस्तै उपनियम ४ मा उपनियम (१) वमोजिमको निर्माण भए वमोजिमको नक्सा र उपनियम (३) वमोजिम पेश भएको कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ। नियममा भएको उक्त प्रावधानको प्रभावकारी रुपले कार्यान्वयन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउ पुर्‍याउनको लागि निर्माण सम्पन्न भई डि.एल.पी मा रहेका ठेक्काको अभिलेख राखि नियममा उल्लेख भए अनुसार प्राविधिक कर्मचारीवाट जाचवुझ गराउनु पर्नेमा डि.एल.पीमा रहेका ठेक्काको अभिलेख राखेको देखिएन। यस्तो अवस्थामा डि.एल.पि समाप्त भएका ठेक्काको प्राविधिक कर्मचारी खटाई नियममा भएको प्रावधान अनुसार जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार भए नभएको, ठेक्का स्वीकृत गर्ने पदाधिकारी र कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने एउटै पदाधिकारी भएको अवस्थामा एक तह माथिको अधिकारी समक्ष कार्य सम्पन्न प्रतिवेदन पेश गरे नगरेको गर्ने सक्ने अवस्था रहेन । अतः यसको अद्यावधिक अभिलेख राख्ने कार्य तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ।

२२ **योजना हस्तान्तरण :**

सार्वजनिक खरीद नियमावली २०६४ को नियम ९७ (१२) मा उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष सञ्चालन गरी कार्य सम्पन्न गरेका योजनाहरु सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गरेको छैन ।

२३ **उपभोक्ता समिति दर्ता :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न 133 वटा उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु. 79905596।94 भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्ययको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।

२४ **उपभोक्ता समितिको कार्यमा ठुला मेशिनको प्रयोग :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(९) मा उपभोक्ता समितिवाट सञ्चालन हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेटर, विटुमिन डिस्ट्रीव्युटर, विटुमिन ब्वाइलर जस्ता हेभी मेशिन प्रयोग गर्न नपाइने उल्लेख छ। पालिकाको कार्यालयले उपभोक्ता समितिसँग सम्झौता गरी निर्माण कार्य गराएका अधिकांश योजनामा एक्साभेटर, जे सि वि र व्याकहो लोडर जस्ता ठुला मेशिन प्रयोग भएको प्रमाण फाँटवारी परिक्षण गर्दा देखियो। उपभोक्ता समितिको कार्यमा ठूला मेशिन प्रयोग गर्दा प्राविधिक कारणले पूर्व नतिजा आङ्कलन गर्न नसकिने, जटिल र नितान्त प्राविधिक प्रकृतिका एवं ठूला मेशिनहरु प्रयोग हुने निर्माण र खरिद कार्य सञ्चालन गर्न उपभोक्ता समितिसँग प्राविधिक ज्ञान, शिप र औजार समेत नहुने भएकोले उपभोक्ता समितिले पुन: ठेकेदार कम्पनीसँग सम्झौता गरी काम गर्ने गरेको हुँदा आयोजनाको गुणस्तर कायम नहुने, त्रुटी सच्याउने अवसर नहुने र खरिद प्रकृयामा प्रतिस्पर्धा समेत नहुने भएकोले उपभोक्ता समितिसँग गरिने खरिद कार्यमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा भएको व्यवस्थालाई पूर्ण पालना गराउन पालिकाले ध्यान दिनु पर्दछ।

२५ **मर्मत सम्भार कोषः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (३) मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने, सोही नियमावलीको उपनियम (१५) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले सम्पन्न

आयोजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत सम्भार गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले बिभिन्न आयोजना कार्यक्रम सञ्चालन गर्न सम्बन्धित उपभोक्ता समितिसँग गरेको सम्झौतामा मर्मत सम्भारको जिम्मा सम्बन्धित उपभोक्ता समितिले लिनुपर्ने उल्लेख भएतापनि सम्पन्न आयोजना मर्मत सम्भारका लागि कतिपय उपभोक्ता समितिहरुले मर्मत सम्भार कोषको व्यवस्था गरेको पाइएन । अतः निर्मित आयोजनाहरुको सु-सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोषको व्यवस्था गरिनुपर्दछ।

२६ **निर्माण स्थल :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ३ मा सार्वजनिक निकाय र लाभग्राहि समुदायले निर्माण स्थलको भ्रमण गरी खरिद सम्झौता गर्नुपर्ने उल्लेख छ। पालिकाले उपभोक्ता समितिसँग सामुदायिक भवन र अन्य भौतिक संरचनाहरु निर्माणको लागि सम्झौता गर्दा संरचना गर्ने निर्माण स्थलको जग्गा कस्को स्वामित्वमा छ, उक्त जग्गा सरकारी तथा सार्वजनिक के हो एकिन गर्ने गरेको देखिएन। पालिकाले संरचना निर्माण गर्ने स्थलको जग्गा सम्बन्धमा मालपोत तथा नापी कार्यालयसँग समन्वय गरेर मात्र खरिद सम्झौता गर्नुपर्दछ। साथै सरकारी संरचना निर्माण गर्दा नक्सा पास गरेर मात्र निर्माण गर्नुपर्दछ।

२७ **गुणस्तर परीक्षण:**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) मा सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । पालिकाले योजनामा प्रयोग भएका निर्माण सामाग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण गरेको पाइएन । गुणस्तर परीक्षण नहुँदा निर्माण कार्य गुणस्तरीय भएको सुनिश्चित हुन नसक्ने देखिन्छ । निर्माण कार्यमा प्रयोग हुने निर्माण सामाग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण गरी निर्माण गुणस्तरीय भएको सुनिश्चित गर्नुपर्दछ ।

२८ **कार्य सम्पन्न प्रतिवेदन :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन।

२९ **आन्तरिक राजस्व अनुमान तथा असुली:**

यो वर्ष गाउँपालिकाले जम्मा रु.३९,९९,९९९।– आन्तरिक आम्दानी गर्ने लक्ष्य राखेकोमा रु. ४४j३५,४५९।८५ आम्दानी गरेकोले लक्ष्यको तुलनामा रु. ४,३५,४६०।८५ (१०.९० प्रतिशत) बढी आम्दानी गरेको देखियो । गाउँपालिकाले आफ्नो आयको सबै स्रोतको सम्भावित परिमाण, सङ्ख्या, क्षेत्रफल यकिन गरी सभाले स्वीकृत गरेको दर अनुसार हुने आय यकिन नगरेकोले अनुमानित आय र वास्तविक असुली बीच अन्तर रहेको छ । गाउँपालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेकोले राजस्व अनुमान यथार्थपरक रहेको मान्न सकिने अवस्था छैन । साथै बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले प्राप्त हुनु पर्ने सबै कर रकम असुली भएको छ भन्न सक्ने अवस्था देखिएन । आफ्नो क्षेत्रभित्रका करदाताहरुको लगत (म.ले.प.फा. नं. ११२) र करदाताको गोस्वारा लगत फारम (म.ले.प.फा. नं. ११३), तयार गरी करयोग्य आय भएका सबैलाई करको दायारामा ल्याउनु पर्दछ ।

| शीर्षक | अनुमान | असुली | प्रतिशत |
|---|---|---|---|
| ११३१३ सम्पत्ति कर | ०.०० | ५३०२१७.०० | |
| ११३१४ भुमिकर/मालपोत | १४०००००.०० | ८०२७८९.५० | ५७.३४ |
| ११३१७ बहाल कर | ३०००००.०० | ३४६६६४.०० | ११५.५५ |
| ११३२२ बहाल बिटौरी कर | ०.०० | २८५००.०० | |
| ११४५१ साना सवारी साधन कर | ०.०० | ०.०० | |
| ११४७९ अन्य मजोरञ्जन कर | ५००००.०० | ४०००.०० | ८.०० |
| ११६११ व्यवसायले भुक्तानी गर्ने | ०.०० | २५००.०० | |
| ११६३२ अखेटोपहारमा लाग्ने कर | ०.०० | ०.०० | |
| ११६९१ अन्य कर | ०.०० | १०५२०८.०० | |
| १४१५१ सरकारी सम्पत्तिको बहाल आय | १०००००.०० | ०.०० | ०.०० |
| १४१५७ बाँडफाँट भई प्राप्त दहत्तर वहत्तर आय | ०.०० | ४८३८९७.४५ | |
| १४१९१ पर्यटन शुल्क | ४९९९९.०० | ५६०००.०० | ११२.०० |
| १४२१२ सरकारी सम्पत्तिको विक्रीबाट प्राप्त रकम | | | |
| १४२१३ अन्य विक्रीबाट प्राप्त रकम | | | |
| १४२२१ न्यायिक दस्तुर | | | |
| १४२२४ परीक्षा शुल्क | ०.०० | १९०००.०० | |
| १४२४२ नक्सा पास | ०.०० | ५०००.०० | |
| १४२४३ सिफारिस दस्तुर | ८०००००.०० | ११३४७८०.९० | १४१.८५ |
| १४२४४ व्यक्तिगत घटना दर्ता | ०.०० | २९०७५०.०० | |
| १४२४५ नात प्रमाणित | ०.०० | २४५७००.०० | |
| १४२४९ अन्य दस्तुर | ११०००००.०० | ८११५३.०० | ७.३८ |
| १४२५३ व्यवसाय दर्ता सुल्क | १०००००.०० | ४३०००.०० | ४३.०० |
| १४३१२ प्रशासनिक दण्ड जरिवाना र जफत | ०.०० | ०.०० | |
| १४५२१ प्रदुषण नियन्त्रण शुल्क | ०.०० | ४५०.०० | |
| १४५२९ अन्य राजस्व | ०.०० | २३९५५०.०० | |
| १४६११ व्यवसाय कर | १०००००.०० | १६३००.०० | १६.३० |
| **जम्मा** | **३९९९९९.००** | **४४३५४५९.८५** | ११०.८९ |

३० **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने

व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

३१ **आय अनुमान :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.४००००००।०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु. ५४९०९५८।९८ अर्थात अनुमान भन्दा ३७.२७ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

३२ **सामुदायिक वनबाट आय :**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२ ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्रि तथा उपयोग सम्बन्धी आफ्नो कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित पालिकाको संचितकोष जम्मा गर्नुपर्ने उल्लेख छ ।गाउँपालिकाले आफ्नो क्षेत्रभित्र रहेका सामुदायिक वनको अभिलेख राखी कार्य योजना स्वीकृत गरेको तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकम सम्वन्धमा खोजी गरी आम्दानी बाँधेको देखिएन।

३३ **दाखिला गर्नबाँकी आम्दानी :**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **१,४९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३४ **आन्तरिक आय :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | खर्चमा आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ५२४५९९०००।०० | ५४९०९५८।९८ | १.०५ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.०५ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३५ **राजश्वको अभिलेख :**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ४ को दफा २८ ले राजश्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष मार्ग महिना देखि आन्तरिक राजश्व आम्दानीको अभिलेख सुत्रमा प्रणालीमा राख्न शुरु गरे तापनि सो अघिको राजस्व असुलीको दैनिक राजश्व आम्दानी खाता (म.ले.प.फा.नं. १०२), राजस्व आम्दानीको गोस्वारा खाता (म.ले.प.फा. नं. १०५), राजस्व आम्दानीको दैनिक नगद प्राप्त गोस्वारा खाता (म.ले.प.फा. नं. १०६), राजस्व आम्दानीको दैनिक बैङ्क भौचर प्राप्त गोस्वारा खाता (म.ले.प.फा. नं. १०७) राखेको देखिएन । पालिकाले अनिवार्य रुपमा राख्नुपर्ने खाताहरुको प्रयोग गरी आन्तरिक आयको लेखाङ्कनलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ ।

३६ **राजश्व बाँडफाँट :**

स्थानीय तहले आर्थिक ऐन बमोजिम असुल गरेको देहाय अनुसारको रकम राजश्व बाँडफाँट गरी रू.३२२९९९।०० प्रदेशलाई पठाएको छ।

| आय शीर्षक | संकलित रकम | प्रदेशलाई पठाउनु पर्ने प्रतिशत | पठाएको रकम | पठाउन बाँकी रकम |
|---|---|---|---|---|
| अन्य प्राकृतिक स्रोतको आय तथा रोयल्टी | ८०७४९६।४५ | ४० | ३२२९९९।०० | ०।०० |

३७ **रसिद नियन्त्रण खाता :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी हुने रकमको नगदी रसिद काटी दैनिक आम्दानी किताबमा प्रविष्ट गरी तोकिएको समयमा बैङ्क दाखिला गर्नुपर्छ । कार्यालयले राजस्व असुलीमा प्रयोग हुने रसिदमध्ये गत विगतका बाँकी रसिद, यस वर्ष कति छपाई गरेको रसिद र यो वर्ष वडा कार्यालयहरु, दहत्तर बहत्तरको असुली लगायत गाउँपालिका कार्यालयले प्रयोग गर्ने गरी वितरण गरेको रसिद बाँकी रसिदको अवस्था खुल्ने गरी रसिद नियन्त्रण खाता राखेको पाइएन । रसिद नियन्त्रण खाताको व्यवस्थित अभिलेख नहुँदा आर्थिक वर्षभरी जारी गरीएका सवै नगदी रसिदबाट हुनुपर्ने आम्दानी प्राप्त भयो भएन एकिन हुन सकेन । कार्यालयले प्रयोग गर्ने रसिदको व्यवस्थित अभिलेख राखी सवै रसिदबाट उठेको रकम दाखिला भएको यकिन गर्नु पर्दछ ।

३८ **वडाबाट प्राप्त आम्दानी:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी हुने रकम दैनिक आम्दानी पालिकाले वडाबाट प्राप्त हुनु पर्ने तथा भएको आम्दानीको अभिलेख व्यवस्थित गरी राखेको छैन। वडाहरुबाट संकलन गरेको राजस्व नियमित रुपमा बैक दाखिला गरी नगदी रसिद सहित फिर्ता लिने गरेको छैन। वडाहरुलाई दिएको नगदी रसिद वर्षान्तमा फिर्ता गरी आय यकिन गरी दाखिला गरे नगरेको भिडान गरेको समेत देखिएन । पालिकाले वडाबाट प्राप्त राजस्व र पालिकामा सँकलन भएको राजस्वको व्यवस्थित हिसाव तयार गरी नियमानुसार आम्दानी प्राप्त भएको र प्राप्त भएको सबै आम्दानी समयमै पालिकामा दाखिला भएको सुनिश्चित गर्नु पर्दछ ।

३९ **व्यवसाय कर :**

गाउँपालिकाको आर्थिक ऐन २०८१ मा पालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय कर लगाईने र असुल गरिने उल्लेख छ ।यो वर्ष पालिकाले व्यवसाय दर्ता शुल्क रू. १००००० अनुमान गरेकोमा रु. ४३,००० संकलन गरेको र व्यवसाय कर रू.१,००,००० अनुमान गरेकोमा रू. १६,३०० मात्र असुल गरेको देखियो । पालिका क्षेत्र भित्र होमस्टे, साना होटल, रेष्टुरेण्ट, किराना पसल जस्ता व्यवसाय सञ्चालनमा रहे तापनि तिनीहरूबाट व्यवसाय कर प्राप्त नगरेकोले पारित आर्थिक ऐनको पालना गरी व्यवसाय कर उठाउनु पर्दछ ।

४० **सम्पत्ति कर :**

पालिकाको आर्थिक ऐन २०८१ मा पालिका क्षेत्र भित्र सम्पत्ति कर लगाई असुल गर्ने उल्लेख छ । लेखापरीक्षणको लागि पेश गरेको आर्थिक विवरण अनुसार यो वर्ष गाउँपालिकाले सम्पत्तिकर शीर्षकमा शून्य अनुमान गरेकोमा रू. ५३०२१७ सँकलन गरेको छ । गाउँपालिकाले सम्भावित आम्दानी पहिचान गर्न सकेको देखिएन । सभाले पारित गरेको आर्थिक ऐन अनुसार कर सङ्कलन गर्नु पर्दछ ।

४१ **आवधिक योजना :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ ।

४२ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४५ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण

अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २५ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, शिक्षा अधिकृत र राजश्व सहायकसहित २० पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रशासकीय अधिकृत लगायतका पदमा अन्यत्र कामकाज गर्न पठाएको हुँदा दरबन्दी रिक्त देखिएको तर प्रदेश लोकसेवा आयोगमा माग गर्दा दरबन्दी रिक्त नदेखिएकोले माग गर्न नसकिएको कार्यालयको भनाई रहेको छ । कार्यालयको काममा बाधा पर्ने गरी काजमा अन्यत्र पठाएका कर्मचारीलाई काज फिर्ता सम्बन्धी कारवाही गरी कार्यालयको काममा लगाउने व्यवस्था मिलाउनु पर्दछ।

४३ **स्वीकृत दरबन्दी बाहिर करार सेवा :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ को उपदफा (६) मा स्थानीय तहले नगर प्रहरी, सवारी चालक, सरसफाई सम्बन्धी आदि पदमा बाहेक अन्य पद तथा सेवामा करारवाट पदपूर्ति गर्न नसकिने व्यवस्था छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७४।१२।१४ मा जारी गरेको स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि, २०७४ मा स्वीकृत दरवन्दी भन्दा वाहिर अन्य रुपमा कर्मचारीहरु राखी तलब भत्ता वा पारिश्रमिक भुक्तानी गर्न नमिल्ने र त्यस्तो कार्य प्रचलित कानून विपरीत भई भुक्तानी गर्ने पदाधिकारीबाट असुल उपर हुने व्यहोरा उल्लेख छ । गाउँपालिकाले स्वीकृत दरवन्दी भन्दा वाहिरका प्रेस सल्लाहकार, स्वाश्थ्यकर्मी लगायतका कर्मचारी करामा राखी देहायअनुसार रू. १७,३०,५३३।०० खर्च लेखेको देखियो । गाउँपालिकालाई थप व्ययभार पर्ने गरी करारमा कर्मचारी नियुक्ती गरी खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

| **क्र.सं.** | **विवरण** | **भुक्तानी** |
|---|---|---|
| १ | अ.हे.ब को रुपमा दिनेश विकलाई मासिक ३२९०२.०० का दरले चाडपर्व समेत | ४,२७,७२६.०० |
| २ | अ.हे.ब को रुपमा सरिता गुरुङलाई मासिक ३२९०२.०० का दरले चाडपर्वसमेत | ४,२७,७२६.०० |
| ३ | अ. न. मि. को रुपमा अस्मिता गुरुङलाई मासिक ३२९०२.०० का दरलेचाडपर्व समेत | १,०९,८९२.०० |
| ४ | अ. न. मि. को रुपमा मिना गुरुङलाई मासिक ३२९०२.०० का दरले चाडपर्वसमेत | ६५,८०४.०० |
| ५ | अ. न. मि. को रुपमा स्मृती गुरुङलाई मासिक ३२९०२.०० का दरलेचाडपर्व समेत | ६५,८०४.०० |
| ११ | मेडिकल अधिकृत सागर थापालाई मासिक ४८७३७.०० का दरले चाडपर्व समेत | ६,३३,५८१.०० |
| | **जम्मा** | १७,३०,५३३.०० |

| | |
|---|---|
| अनियमित भएको | १७,३०,५३३ |

४४ **तलवी प्रतिवेदन पारित नभएको :**

निजामती सेवा ऐन २०४९ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई पालिकाका कर्मचारीहरुको पारिश्रमिक तथा भत्तामा रु. १५५०८३५४६।३७ खर्च लेखेको छ।तलबी प्रतिवेदन पारित नगरी तलव भत्ता भुक्तानी गर्दा कर्मचारीको ग्रेड एकिन गर्न सकिएन। खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

४५ **अनुगमन तथा भ्रमण खर्च :**

भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले भ्रमण आदेश नम्बर, भ्रमणमा खटिने नाम, दर्जा, भ्रमणमा खटिएको स्थान र मिति समेत खुल्ने गरी अनुसूची (६) बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष पदाधिकारी तथा कर्मचारी भ्रमण शीर्षकबाट रु.

१६,८६,५४०।- र अनुगमन तथा मूल्याङ्कन खर्च शीर्षकबाट रु.५,९७,४०३।- समेत जम्मा रु. २२,८३,९४३। अनुगमन तथा भ्रमण खर्च लेखाङ्कन गरेको पाइयो । भ्रमणको प्रयोजन खुलाई प्रतिवेदन गरी यस्तो खर्चलाई मितव्ययी बनाउनुपर्दछ ।

४६ **इन्धन खर्च :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा निर्धारित बजेट एवं आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । साथै इन्धन खर्च लेखाङ्कन गर्दा सवारी साधन सञ्चालन भएको स्थान, दुरी, इन्धन खपतको लगबूक, इन्धन खर्चको प्रयोजन लगायतका विवरण खुलाई अभिलेख राख्नुपर्ने उल्लेख छ । कार्यालयले यो वर्ष पदाधिकारी इन्धनमा रु. ५,४०,४८६।० र कार्यालय इन्धनमा रु.९,२०,००१।- खर्च लेखांकन गरेको छ। पालिकाबाट प्राप्त वार्षिक जिन्सी विवरण अनुसार कार्यालयको स्वामित्वमा चार पाङ्ग्रे सवारी साधन १ वटा र दुई पाङ्ग्रे सवारी साधन १५ वटा रहेको देखिन्छ । इन्धन खर्च सम्बन्धी अद्यावधिक विवरण तथा अभिलेख राखी इन्धन खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ ।

४७ **अनुत्पादक क्षेत्रमा खर्च :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (३) मा गाउँपालिको विकास योजना छनौट गर्दा आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने किसिमका योजनाहरुलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । तर यस पालिकाले सामुदायिक भवन, क्लब भवन, मन्दिर तथा गुम्बा निर्माण जस्ता अनुत्पादक योजनाहरु समेत अधिक संख्यामा छनौट गरी खर्च गरेको पाइयो । यससम्बन्धी केही उदाहरण देहाय अनुसार रहेका छन् :-

| **क्र.सं.** | **कार्यक्रम/आयोजना/क्रियाकलापको नाम** | **खर्च** |
|---|---|---|
| १ | ङरीको दलित आमा समुह भवन निर्माण | २,९३,१८०.०० |
| २ | महिगाउँ आमा समुह भवन मर्मत तथा किचन निर्माण योजना | ३,००,०००.०० |
| ३ | भुजुङ युम्पो आमा समुह भवन स्तरोन्नति योजना | ३,७५,०००.०० |
| ४ | गुप्तेश्वरी आमा समूह भवन निर्माण | २,००,०००.०० |
| ५ | जनामिलन आमा समूह भवन निर्माण | ३,००,०००.०० |
| ६ | मिलिजुली आमा समूह भवन शौचालय निर्माण | २,००,०००.०० |
| ७ | घिचे आमा समूह सामुदायिक भवन मर्मत | १,५५,०००.०० |
| ८ | सिङ्दी सामुदायिक दलित भवन निर्माण | २,००,०००.०० |
| ९ | घिचे अामा समूह सामुदायिक भवन भान्छा घर निर्माण | ३,००,०००.०० |
| १० | चिम्रो सामुदायिक भवन निर्माण तथा मर्मत | २,५०,०००.०० |
| ११ | विश्वकर्मा एकता सामुदायिक भवन स्तरोन्नति योजना | ३,७४,४९६.०० |
| १२ | प्रगतिशिल दलित सामुदायिक भवन मर्मत योजना | १,००,०००.०० |
| १३ | तामु सामुदायिक भान्छाघर निर्माण | १,५५,०००.०० |
| १४ | घाम्राङ पुरानो गाउँ सामुदायिक भवन मर्मत | १,५५,०००.०० |
| १५ | महिला खेलाडि प्रशिक्षण तथा खेलकुद कार्यक्रम | ४,००,०००.०० |
| १६ | खेलकुद भवन फर्निचर खरिद | १,००,०००.०० |

ऐनको प्रावधान अनुसार योजना छनौट गरी वितरणमुखी योजना छनौटमा नियन्त्रण गर्नुपर्दछ।

४८ **विविध खर्च :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा निर्धारित बजेट एवं आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । यस पालिका कार्यालयले यो वर्ष गाउँपालिका चालु शीर्षकबाट अतिथि सत्कार खर्च, खाना/खाजा तथा अन्य भैपरी खर्च लगायतमा रु. ९०,३२,२५७।०४ खर्च लेखाङ्कन गरेको पाइयो । यस्तो खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्ने देखिन्छ। केही उदाहरण निम्नानुसार छन :

| क्र.सं. | मिति | भौ. नं. | विवरण | रकम |
|---|---|---|---|---|
| १. | १८/०६/२०८१ | २० | गा.पा.को विभिन्न प्रयोजनमा सवारी भाडामा लिएवापतको रकम सम्वन्धित पार्टीहरूलाइ भुक्तानि - | १,५८,२५०.०० |
| २. | १८/०६/२०८१ | २१ | विभिन्न कार्यक्रम,गोष्ठी सेमिनार तथा वैठक एवम छलफलमा खाना खाजा वापतको रकम - | १५,६७०.०० |
| ३. | १९/०६/२०८१ | २५ | गा.पा.को विविध कार्यक्रममा खाना खाजा खाधन्न तथा मसलन्द वापतको रकम - | ६०,०००.०० |
| ४. | १९/०६/२०८१ | २८ | वडा नं ६ वाटो हेरालुहरूको सम्वन्धित महिनाको दैनिक ज्यालादारि वापतको रकम भुक्तानि - | १,०५,०००.०० |
| ५. | १९/०६/२०८१ | २९ | गा.पा.को विविध कार्यक्रमहरूमा खाना खाजा उपलव्ध गराएवापतको रकम - | ९,८००.०० |
| ६. | २२/०६/२०८१ | ३० | झन्डा पुजा म्रोचे पोखरी समुद्धघाटन र का.पा.वैठकमा खाना खाजा वापतको रकम - | १४,२१४.०० |
| ७. | ०८/०९/२०८१ | १२४ | वडा नं ४ टेनेसा कप तथा विविध साँस्कृतिक कार्यक्रमको पुरस्कार वापतको रकम भुक्तानी - | ४०,०००.०० |
| ८. | ०८/१०/२०८१ | १७३ | मसलन्द सामान खरिद वापतको रकम सोनिया सुसन किराना पसललाइ भुक्तानी - | २०,४१५.०० |

४९ **सार्वजनिक परीक्षण :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

५० **आर्थिक सहायता :**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले यो वर्ष २५ व्यक्तिलाई रु. १९८५५१४०।००, एक संघसंस्थालाई रु. १५००००।००, एक महोत्सवलाई रू. २०००००।०० गरी जम्मा रु. रू २०२०५१४०।०० आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. ५४९०९५८।९८ को ३६७.९७ प्रतिशत हुन आउँछ । आन्तरिक स्रोत नभएको अवस्थामा संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदानबाट आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनुपर्दछ ।

५१ **सूचना छपाई :**

गाँउपालिकाले विभिन्न सूचना संचार गृह, पत्रपत्रिका छपाईमा आफूले सम्प्रेषित गरेको विषय वस्तु छपाईको आधारमा सम्झौता बमोजिम रकम भुक्तानी गर्नुपर्नेमा विभिन्न क्यालेण्डर छपाई र सूचना प्रकाशन, संघ, संगठनको नामबाट सन्दर्भ प्रकाशन लगायतका प्रकाशन सामग्री पूर्वस्वीकृति वेगर छपाउने र भुक्तानीको लागि गाउपालिकामा एक प्रति ल्याउने गरी विभिन्न संचार प्रकाशन समितिहरुलाई भुक्तानी गरेको देखियो । गो.भौ.नं. ५८७।२०८२।३।२१ बाट फुटकर शिर्षकमा विभिन्न मिडियालाई रु. १,४४,८६०।- भुक्तानी गरेको देखियो । गाउँपालिकाले आफैले विषयवस्तु छनौट गरी आदेश गरेकोमा बाहेक स्वस्फुर्त रुपमा प्रकाशन गरेका सामग्रीवापत भुक्तानी दिने प्रकृयामा नियन्त्रण गर्नुपर्ने देखियो ।

५२ **विविध कार्यक्रम खर्च (फुटकर खर्च) :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ ।पालिकाले विभिन्न विविध खर्च, ढुवानी खर्च, पत्रिका छपाइ, मसलन्द सामाग्री खरिद, आर्थिक सहायता लगायत फुटकर खर्च रु. २६७५७२३।- भुक्तानी दिएको छ । जुन पालिकाको आन्तरिक आय रु. ५४९०९५८।०० को तुलनामा ४८.७२ प्रतिशत हुने देखिन्छ। वितरणमुखी प्रकृतिका यस्ता खर्चमा नियन्त्रण गर्नुपर्दछ।

५३ **प्रधानमन्त्री रोजगार कार्यक्रम :**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहहरुमा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यो कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तर्जुमा भएको छ । कार्यक्रम अन्तर्गत पालिकाका ९ वटा वडामा देहाय बमोजिमका योजना सञ्चालन गरी यो वर्ष ६३ जनालाई औसतमा ९६.३ दिन रोजगारी उपलब्ध गराई रु. ४१,१५,५०५।- ज्याला प्रदान गरेको देखिन्छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि दीर्घकालीन रोजगारी सिर्जना भएको देखिँदैन ।

| वडा नं. | योजनाको नाम | बजेट रकम रु. | खर्च रकम रु | कामदार संख्या | ओषत रोजगार दिन |
|---|---|---|---|---|---|
| १ | कपुर गाउँ टोल सुधार कार्यक्रम | ४१४,०००.०० | ३८५,०२०.०० | ६ | ९३ |
| २ | वडा न. २ भित्र गोरेटो बाटो निर्माण तथा मर्मत | ६९०,०००.०० | ३८४,६०६.०० | ६ | ९२.९ |
| ३ | वडा नं.३ भित्र गोरेटो तथा मोटरबाटो निर्माण / मर्मत | ७५९,०००.०० | ७२३,८७९.०० | १३ | ८०.७ |
| ४ | फिर्लुतुँ गोरेटो बाटो मर्मत निर्माण | ३४५,०००.०० | ३४५,०००.०० | ५ | १०० |
| ५ | श्री थाला देखि जनकल्यण टोल हुदै स्वास्थय भवन सम्म जाने बाटो निर्माण | ६९०,०००.०० | ६९०,०००.०० | १० | १०० |
| ६ | कोम्रों डाँडा सडक स्तर उन्नती | ३४५,०००.०० | ३४५,०००.०० | ५ | १०० |
| ७ | कुम्लङ बेशी अन्तरिक गोरेटो बाटो निर्माण तथा मिरा ग्रामिन सडक सोलिङ निर्माण योजना | ५५२,०००.०० | ५५२,०००.०० | ८ | १०० |
| ८ | तामु सामुदायिक भान्सा घर निर्माण तथा मर्मत | ३४५,०००.०० | ३४५,०००.०० | ५ | १०० |
| ९ | आम्रो पंधेरोबाट मोटर बाटो सम्म सिढी निर्माण | ३४५,०००.०० | ३४५,०००.०० | ५ | १०० |
| जम्मा | | ४,४८५,०००.०० | ४,११५,५०५.०० | ६३ | |

५४ **जिन्सी व्यवस्थापन :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाई २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धी देखिएको व्यहोरा निम्नानुसार छः

• कार्यालयले गत विगत वर्षको (PAMS V1) मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको (PAMS V2) मा प्रविष्टी गर्नुपर्नेमा पूर्ण रुपमा गरेको पाइएन । गत वर्षको PAMS V1 मा बाँकी देखिएका खर्च भएर जाने तथा खर्च नहुने सामानको अनिवार्य रुपमा PAMS V2 मा आम्दानी बाँधी जिन्सी विवरणलाई अद्यावधिक गर्नुपर्दछ ।

• नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलाम लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ।

५५ **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च :**

भौ.नं. ११५-२०८२।२।१३ (गा.पा.पुँजीगत) पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने योजना छनौट गरी पूँजीगत खर्च गर्नुपर्दछ। यस स्थानीय तहले प्रदेश पुँजीगत स्रोतबाट वडा नं. ३ मा मिति २०८२।१।९ गते देखि २०८२।१।२० सम्म सञ्चालित महिला खेलाडि प्रशिक्षण तथा खेलकुद कार्यक्रममा २९ जना महिला सहभागी खेलाडीहरुको खाना र आवासका साथै प्रशिक्षकको पारिश्रमिक र खानावास खर्च रु. ४,००,०००।– भुक्तानी दिएको देखियो । चालु प्रकृतिको खर्चलाई पुँजीगत खर्च समेतबाट भुक्तानी दिएको रकम अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४,००,००० |

५६ **आर्थिक सहायता :**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा आर्थिक स्रोत सुनिश्चितता गरी बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले स्थानीय आर्थिक सहायता सम्वन्धी कार्यविधि, २०८० तर्जुमा गरेर विभिन्न व्यक्तिहरुलाई रु.१,९८,५५,१४०।०० सहायता वितरण गरेको पाइयो। उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.५४,९०,९५८.९८ को ३६१.६० प्रतिशत हुन आउँछ । आन्तरिक आय न्यून रहेको अवस्थामा संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदानबाट आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ । यसका केही उदाहरण देहाय अनुसार छन्:-

| **भौ.नं./मिति** | **सहायताको ब्यहोरा** | **रकम रु.** |
|---|---|---|
| ९७-२०८१।८।१७ | विपद व्यवस्थापन शिर्षकबाट आर्थिक सहयोग | १००००० |
| ११२-२०८१।८।२७ | विपद व्यवस्थापन शिर्षकबाट आर्थिक सहयोग | ३००००० |

५७ **प्रदेश सरकारबाट हस्तान्तरित पुँजीगत अनुदान**

**सङ्कलन केन्द्र निर्माण** : गाउँपालिकाले मुख्यमन्त्री नवप्रवर्तन कार्यक्रम अन्तर्गत कृषि उपज सँकलन केन्द्र भवन निर्माण र फार्म मेशीनरी खरिदसमेतको कार्य गर्न प्रदेश सरकारको समपुरक अनुदानबाट प्राप्त भएको रकमबाट निर्माण तर्फ रू.३९,७१,८७४।३६ र सामग्री खरिद तर्फ रू. १२,०६,५४०।- समेत जम्मा रू. ५१,७८,४१४।३६ खर्च गरेको देखियो । सङ्कलन केन्द्र निर्माण तथा सञ्चालन सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् :

५७.१ **फार्म मेशिनरी आपूर्ति :** गाउँपालिकाले संकलन केन्द्रको लागि डिस्क मिल, मल्टी क्रम पावर थ्रेसर, सीड बिन, विन्नोईङ मेशीन लगायतका १२ किसिममा ८६ वटा फार्म मेशीनरी तथा सामान खरिद (ठेक्का नं. ४।NCB।GOODS।KPG।२०८१।८२) गर्न रू. २२,६०,२००।०६ लागत अनुमान तयार गरी बोलपत्रको सुचना प्रकाशन गरेकोमा रू. १५,७०,७०० कबोल अङ्क भएको पब्लिक सप्लायर्स दुर्गा विष्णु कन्स्ट्रक्सनको बोलपत्र न्यून मुल्यांङ्कित सारभूत प्रभावग्राही ठहर गरी स्वीकृत गरेको छ । निर्माण व्यवसायीसँग २०८२।२।२५ मा भएको सम्झौता अनुसार उक्त फार्म मेशीनरीका सामानहरु २०८२।३।२५ सम्म आपूर्ति हुनुपर्ने थियो । सो अवधिमा आपुर्तिकर्ताले रू.१२०६५४० मूल्यका ११ आईटमका ७८ वटा सामानमात्र उपलब्ध गराएको र प्रति एकाई रू. ३२,००० कबोल गरेको प्रतिएकाई रु. ३५,३९८।२३ लागत अनुमान रहेको रु. २५६००० मूल्यका ८ सेट विन्नोईङ मेशिन आपूर्ति नगरेको अवस्थामा गाउँपालिकाले उपलब्ध सामानमात्र स्वीकार गरी कार्यस्वीकार प्रतिवेदन तयार गरेको देखियो । सम्झौता बमोजिमका सामान उपलब्ध नगराउने आपूर्तकलाई ठेक्का सम्झौताको शर्त अनुसार पूर्वनिर्धारित क्षतीपूर्ती लगाई सामान आपूर्ति गराउने तथा ठेक्का तोड्ने, कालोसुचीमा राख्ने लगायतका कारवाही गर्नु पर्नेमा निर्माण व्यवसायीलाई उन्मुक्ति दिने गरी आंशिक कार्य स्वीकार गरी कार्यसम्पन्न प्रतिवेदन तयार गरेको उचीत देखिएन ।अत: सम्झौता बमोजिमको बाँकी सामग्री आपूर्ति गराई सोको प्रमाण पेश गर्नु पर्दछ रू..

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,५६,००० |

५७.२ **संकलन केन्द्र सञ्चालन** : पालिकाले सङ्कलन केन्द्र भवन निर्माणको लागि प्रतिस्पर्धाबाट छनौट भएको निर्माण व्यवसायी घनपोखरा निर्माण सेवासँग २०८२।२।३१ सम्म सम्पन्न गर्ने गरी २०८२।१।२३ मा रू. ३९९२७९७।७० को सम्झौता गरेको थियो ।उक्त भवनको निर्माण कार्य रू. ३९७१८७४ मा सम्पन्न भएको छ । केही फार्म सामग्रीसमेत खरिद भैसके तापनि मेशीन सञ्चालनको लागि चाहिने क्षमताको विद्युत लाईनको व्यवस्था नभएको, सम्झौता अनुसारका ८ थान विन्नोईङ मेशीनहरु प्राप्त नगरी अन्तिम विल भुक्तानी दिएको,

खरिद भएका मेशीनहरु जडान हुन बाँकी रहेको कारण सङ्कलन केन्द्र सञ्चालन हुन नसकी लगानीको उपयोग समेत हुन सकेको छैन । वाँकी कार्य सम्पन्न गरी सँकलन केन्द्र सञ्चालनमा ल्याउने व्यवस्था मिलाउनु पर्दछ ।

५७.३ **कोप्रेडाँडा पर्यटकीय स्थल निर्माण :**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **८,१९०,७८२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| अनियमित भएको | ० |

५८ **संघीय सरकारबाट हस्तान्तरित पुँजीगत अनुदान**

**पुल निर्माण :** ठेक्का नं. ०३ - NCB।BRIDGE।KGP।२०८०।८१, सङ्घीय सरकारबाट प्राप्त समपुरक अनुदानबाट ५० प्रतिशत र गाउँपालिकाले ५० प्रतिशत खर्च गर्नेगरी काम्रो र लम्क्युखोलामा २ वटा मोटरेवल पुल निर्माण गर्न रू. ८४३८१७००।५९ को लागत अनुमान तयार गरी न्यून कबोल गर्ने निर्माण व्यवसायी सिद्धि विनायक कन्सट्रक्सनसँग २०८१।३।१२ मा २४ महिना (२०८३।३।११) सम्म सम्पन्न गर्ने गरी रू. ६६३३८५४७।६७ (२१.३५ प्रतिशत घटी) मा सम्झौता गरेको छ । यो वर्ष तेस्रो रनिङविलसम्म रू.२३४९३०५९।८६ भुक्तानी भई ३६.४० प्रतिशत मात्र वित्तीय प्रगति भएको छ। उक्त खरिद सम्वन्धमा निम्नानुसारका प्रमुख व्यहोरा देखिएको छ :

**प्रोग्राम अपडेट** : कार्यालय र निर्माण व्यवसायी बीच भएको खरिद सम्झौताको वोलपत्र सम्वन्धी कागजातको एस.सी.सी. अन्तरगत जी.सी.सी. ३४.३ मा प्रत्येक ३० दिनभित्र कार्यक्रम कार्यान्वियन तालिका अद्यावधिक (प्रोग्राम अपडेट) गर्नु पर्ने र ढिलो गरी पेश गरेमा सो वापत सम्झौतामा उल्लेख भए अनुसार रू. २५००० रोक्का राखिने उल्लेख छ । सो बमोजिम निर्माण व्यवसायीले असार मसान्त सम्म १२ पटक अद्यावधिक कार्य तालिका पेश गर्नु पर्ने देखिन्छ । लेखापरीक्षणको क्रममा निर्माण व्यवसायीले अद्यावधिक आयोजना कार्यान्वियन तालिका पेश गरेको देखिएन । सम्झौता अनुसार निर्माण व्यवसायीलाई प्रोग्राम अपडेट पेश गराउनु पर्ने अन्यथा शर्त अनुसारको रकम रोक्का राखी असुल गर्नु पर्दछ रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,००,००० |

५९ **अनुदानको अनुगमन :**

लागत साझेदारीमा अनुदान वितरण गर्दा कृषक समूह/सहकारीसँग गरेको सम्झौतामा आयोजना कार्यान्वियन सन्तोषजनक रहे नरहेको, अनुदानको उपयोग स्वीकृत क्रियाकलाप अनुसार भए नभएको, ती संस्थाले अन्य निकायबाट अनुदान लिए नलिएको लगायतका विषय अनुगमन गर्नुपर्ने उल्लेख छ।यस गाउँपालिकाले गाउँसभाबाट योजना पारित गरी केही नाफामूलक फर्म/संस्था तथा फर्महरुलाई समेत विभिन्न कार्यका लागि अनुदान उपलब्ध गराएको पाइयो साथै अनुदानको उपयोग स्थिति तथा उपलब्धि सम्बन्धमा प्रतिवेदन तयार गरेको समेत पाइएन।पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष कृषि तथा पशु क्षेत्रमा यो वर्ष देहाय अनुसार रु. २४,००,०००।- अनुदान वितरण गरेको पाइयो । अनुदानको उपयोग सम्बन्धमा पालिकाले अनुगमन गर्नुपर्दछ ।

| क्र.स | कार्यक्रमको नाम | भुक्तानी लिनेको नाम | लाभान्वित कृषक/कृषि फर्महरु | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | गोला सहितको मौरी घार वितरण कार्यक्रम(५०% अनुदान) | १.आदि मौरी पालन तथा अलैँची नगदी फर्म<br>२.जि.के. बाख्रा फर्म<br>३.प्रगतिशिल एकिकृत कृषि फर्म<br>४.गंगा गिता अर्गानिक मौरी पालन फर्म | माग भएका सबै(८२ जना) | ५,००,०००।- |
| २ | आलुको बिउ वितरण कार्यक्रम(अगौटे/पछौटे)(५०% अनुदान) | पश्चिमाञ्चल कोल्ड स्टोर प्रा.लि | माग भएका सबै | ६,००,०००।- |
| ३ | प्याजको बिउ वितरण कार्यक्रम( ५०% अनुदान) | कृषकहरु | माग भएका सबै | १,५०,०००।- |
| ४ | फलफुल बिरुवा वितरण कार्यक्रम(७५% अनुदान) | अमिलो जातको बस्नेत नर्सरी | (माग भएका सबै)<br>१.बालरुपा एकिकृत कृषि पशुपन्क्षी उत्पादन कृषक समुह)<br>२.खस कुमारी गुरुङ<br>३.धन बहादुर गुरुङ<br>४.टस बहादुर गुरुङ | २,५०,०००।- |
| ५ | टनेल प्लाष्टिक वितरण(५०% अनुदान) | किसान कृषि पसल | जम्मा २० जना | १,००,०००।- |
| ६ | धानको बिउ वितरण(५०% अनुदान) | अनुस्क एग्रो कन्सर्न | माग भएका सबै | ३,००,०००।- |
| ७ | भैसि फर्म स्थापना(५०% अनुदान) | १.पदम बहादुर कामी<br>२.शेष घले | २ जना | २,००,०००।- |
| ८ | बाख्रा फर्म स्थापना | १.सन्तोष लामा<br>२.हार काशी गुरुङ | २ जना | २,००,०००।- |
| ९ | भेडा फर्म स्थापना | सुनिता गुरुङ | १ जना | १,००,०००।- |
| **जम्मा** | | | | **२४,००,०००।** |

६० **फरक खर्च शीर्षकबाट भुक्तानी :**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १० मा नेपाल सरकारले प्रदेश सरकार तथा स्थानीय तहलाई अनुदान दिन सक्ने र त्यस्तो अनुदानको रकम निर्धारित कार्यमा मात्रै खर्च गर्न पाउने व्यवस्था गरिएको छ । पालिकाले गौ.भौ.नं. १९६ मिति २०८२।३।२३ मा पुनर्ताजगी र एडभान्स सीप विकास तालिम कार्यक्रम (खर्च शिर्षक - २२५२२) मा विनियोजन भएको रकमबाट प्रबिधि हस्तान्तरण कार्यक्रम (खर्च शिर्षक - २७१११) को भुक्तानीमा नपूग भएको रु. १४२२२८।– भुक्तानी गरेको पाइयो । रकमान्तर स्वीकृत नगरी फरक खर्च संकेतबाट खर्च लेखेकोले अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,४२,२२८ |

६१ **कृत्रिम गर्भाधान :**

प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ को बुँदा नं. १०.२.१ मा कृत्रिम गर्भाधान मिसन कार्यक्रम अन्तर्गत सञ्चालन गरिने क्रियाकलापहरु सम्बन्धी व्यवस्था गरेको छ । पालिकाले गो. भौ. नं. १८४।०८२।३।१९ बाट रु. १,२९,२२६।– बराबरको नाइट्रोजन कण्टेनर, रेफ्री, सिथ लगायतका लजिस्टिक सामाग्री खरिद गरे पनि कृतिम गर्भाधान सेवा सञ्चालन भएको देखिएन । फ्रोजन सिमेन र तरल नाइट्रोजन खरिद हुन नसकेका कारण

कृषकहरुलाई सेवा प्रदान गर्न नसकिएको पालिकाले जनाएको छ । कृत्रिम गर्भाधान सेवा सञ्चालन नभएको कारण खर्च रकमको उपयोग हुन सकेको देखिएन । आवश्यक सामग्री व्यवस्थापन गरी सेवा प्रवाह गर्नु पर्दछ ।

६२ **प्रविधि हस्तान्तरण :**

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा २(ण) मा प्रविधिको उपयोग नगर्ने उद्यमी वा प्राप्त प्रविधिलाई पाँच वर्षभन्दा अगावै अरुलाई हक हस्तान्तरण वा बिक्री वितरण गर्न नपाइने, प्रविधिको मर्मत सम्भार तथा संरक्षण लघु उद्यमी स्वयंले गर्नुपर्ने तथा कुनै कारणले व्यवसाय नगर्ने भएमा हस्तान्तरण भएको प्रविधि कार्यालयमा फिर्ता गर्नु पर्ने व्यवस्था छ । पालिकाले कार्यक्रम अन्तर्गत २० प्रतिशत लागत साझेदारीमा रु. ३,१६,८००।- मूल्यको ३६ वटा गोला सहितको सेराना मौरीको घार खरिद गरी ३६ जना कृषकहरूलाई हस्तान्तरण गरेकोमा निर्देशिका बमोजिम व्यवसाय सञ्चालन स्थितिको अनुगमन गरेको छैन ।

६३ **कार्यक्रम सञ्चालन नभएको :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले तोकिए बमोजिमको प्रगति गर्नुपर्ने उल्लेख छ । साथै अन्तर सरकारी वित्त हस्तान्तरण ऐन, २०७४ को दफा १० मा नेपाल सरकारले प्रदेश सरकार तथा स्थानीय तहलाई अनुदान दिन सक्ने र त्यस्तो अनुदानको रकम निर्धारित कार्यमा मात्रै खर्च गर्न पाउने उल्लेख छ । पालिकालाई यस वर्ष प्राप्त सशर्त बजेटमध्ये देहाय अनुसारको कार्यक्रमहरु सञ्चालन हुन नसकी रकम फ्रिज भएको देखियो । वार्षिक रुपमा विनियोजन हुने रकम समयमा र तोकिएको कार्यक्रममा खर्च नगर्दा लक्षित उपलब्धि हासिल हुने देखिँदैन । अतः तोकिए अनुसारको कार्यक्रम कार्यान्वयन गरी लक्ष्य हासिल गर्न पालिकाले प्रयत्न गर्नु पर्दछ।

| सि.नं | कार्यक्रम | रकम |
|---|---|---|
| १ | कृषि, पशुपन्छी तथा मत्स्य तथ्याकं अध्यावधिक कार्यक्रम | ६०००० |
| २ | क्षयरोगीको खोज पड्ताल | ९१००० |
| ३ | रेबिज रोग तथा रेबिज भ्याक्सिन प्रयोगसम्बन्धि कार्यक्रम | १००००० |
| ४ | महामरी/आकास्मिक रोग नियन्त्रण कार्यक्रम | ८०००० |
| ५ | किसान परिचयपत्र वितरण नमूना कार्यक्रम | १००००० |
| ६ | प्रजनन् रुग्णता स्वास्थ्य सेवा | ८६००० |
| ७ | शैक्षिक सुशासनका लागि सस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मुल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण | २००००० |
| ८ | MNCI को सचेतनात्मक कार्यक्रम | १००००० |
| ९ | पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन | ३००००० |
| **जम्मा** | | **१११७०००** |

६४ **औषधि खरिद :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधीनमा रही अघिल्लो वर्षको खरिद दर, स्थानीय बजारमा प्रचलित दर, अन्य सार्वजनिक निकायले खरिद गरेको दर तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाई समेत आधार मानी लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष खरिद गर्ने औषधिको लागत अनुमान बनाउँदा विभिन्न ८६ आइटमहरुको लागि ३ वटा फर्महरुबाट दरभाउपत्र लिई सोको औसत दररेटलाई आधार मानी रु. १५,७१,०००। को लागत अनुमान तयार गरेको पाइयो । गत वर्षको खरिद दररेट, गत वर्षको सम्झौता दर तथा उद्योग वाणिज्य संघको रेटलाई समेतको आधारमा लागत अनुमान बनाउनुपर्नेमा सो अनुसार गरेको पाइएन । पालिकाले २०८१।१०।३ मा गरेको शिलवन्दी दरभाउपत्र आह्वानको सूचना अनुसार ३ वटा फर्महरुले शिलवन्दी दरभाउपत्र पेश गरेकोमा तथा २०८१।१०।२७ को मूल्याङ्कन समितिको सिफारिस अनुसार सबैभन्दा कम रकम (लागत अनुमान भन्दा ७.१८% न्यून)

कबोल गर्ने फर्म चिराग फार्मेसी प्रा.लि. पोखराको रु. १४,१२,३५०।- को प्रस्ताव स्वीकार गरी २०८०।०९।०४ मा सम्झौता गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नुसार छन् :

• आपूर्ति भएका औषधिका उत्पादकले डब्लु.एच.ओ. बाट असल उत्पादन अभ्यास (Good Mfg. Practice) को प्रमाण-पत्र प्राप्त गरेको हुनुपर्नेमा सो सम्बन्धी अभिलेख तथा प्रमाण पेश नभएको,

• औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन भन्ने खुलाएको प्रमाण संलग्न नभएको ।

• आपूर्ति भएका औषधी एवम् सर्जिकल समान स्टोर दाखिला हुनुअघि निरीक्षण गरी प्रतिवेदन लिने नगरेको।

• जिन्सी किताबमा औषधि आम्दानी बाँध्दा खरिद गरेको र स्वास्थ्य कार्यालयबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको ।

• औषधिको मौज्दात घटाउँदा माग फारामको आधारमा घटाउनु पर्नेमा त्यसो नगरी एकमुष्ट घटाउने गरेको ।

अतः पालिकाले औषधिको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको यकिन गरी हस्तान्तरण गर्ने, खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधिहरुको जिन्सी अभिलेख व्यवस्थित गर्नु पर्दछ ।

६५ **कार्यस्थल सुरक्षा सामाग्री खरिद :**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **१३३,६७९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६६ **तलबी प्रतिवेदन :**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, मा तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलबी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य सेवा तर्फ २१ कर्मचारीहरुको तलब वापत रु. १,२२,१२,४३३।- खर्च लेखेको पाइयो । कानुन अनुसार तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

६७ **लघुउद्यम कार्यक्रमः**

गरिबी निवारणको लागि लघु उद्यम कार्यक्रम (मेड्पा) अन्तर्गत यस वर्ष रु. १३,००,०००।- विनियोजन भएकोमा रु. १३,००,०००।- खर्च भएको पाइयो । पालिकाले यस वर्ष देहाय बमोजिमका २ वटा प्राविधिक सीपमूलक तालिम सञ्चालन गरी ३५ जनालाई तालिम प्रदान गरी प्रविधि हस्तान्तरण गरेको जनाएको छ ।

| **सि.नं** | **तालिम** | **सहभागी** | **अवधि** | **खर्च रकम** |
|---|---|---|---|---|
| १. | एड्भान्स मौरीपालन तालिम – वडा नं. ६ | १२ जना | ३ दिन | ३९,१०४।- |
| २. | एड्भान्स मौरीपालन तालिम – वडा नं. ७ | २३ जना | ३ दिन | ४९,७९५।- |
| **जम्मा** | | | | ८८,८९९।- |

गरिबी निवारणको लागि विनियोजित रकमबाट पूर्ण रुपमा कार्यक्रम सञ्चालन गरी सम्पन्न कार्यक्रमहरुको प्रभावकारिता एवं तालिम पश्चातको रोजगारी सृजनाको अवस्था सम्बन्धमा समेत पालिकाले अनुगमन गर्नुपर्दछ ।

६८ **विद्यालयको अनुगमन नियमन व्यवस्था :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यमिक तहसम्मका विद्यालय सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धित कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले निजी तथा सार्वजनिक विद्यालय अनुगमन सम्बन्धी मापदण्ड तयार गरेको छैन । कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१।८२ मा समेत आईसिटी ल्याव, पुस्तकालय स्थापना तथा सञ्चालन अनुदान, नवीन प्रविधि अनुदान तथा कार्यसम्पादनमा आधारित अनुदानको अनुगमन गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट विद्यालयहरुमा विभिन्न शिर्षकमा गएको अनुदान रकमको उपयोग सम्बन्धमा प्रभावकारी अनुगमन नभएकोले अनुदान रकमको सदुपयोग भएको सम्बन्धमा आश्वस्त हुन सक्ने आधार देखिएन । अतः पालिकाबाट प्रभावकारी रुपमा अनुगमन हुनुपर्दछ ।

६९ **अनुदान अनुगमन :**

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१।८२ अनुसार आईसिटी ल्याव, पुस्तकालय स्थापना तथा सञ्चालन अनुदान, नवीन प्रविधि अनुदान तथा कार्यसम्पादनमा आधारित अनुदान लगायतका पालिकाबाट विद्यालयहरुमा विभिन्न शिर्षकमा गएको अनुदान रकमको उपयोग सम्बन्धमा अनुगमन गरी प्रतिवेदन पेश नभएकोले अनुदान रकमको सहि सदुपयोग भएकोमा आश्वस्त हुन सक्ने आधार देखिएन । अतः पालिकाले अनुगमन सम्बन्धी मापदण्ड तयार गरी अनुगमन कार्यलाई प्रभावकारी बनाउनु पर्दछ ।

७० **विद्यालयगत निकासा खाता :**

पालिकाले प्रत्येक विद्यालयको स्थायी तथा अस्थायी दरबन्दी र राहत कोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलब, ग्रेड र विद्यालयलाई निकासा जाने सबै रकमहरु देखिने गरी विद्यालायगत निकासा खाता अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ ।पालिकाले विद्यालयगत निकासा खाता तयार नगरेकोले निकासाका रुपमा जाने तलव, भत्ता र विभिन्न अनुदान रकमहरुको विद्यालयगत स्थिति स्पष्ट हुन सकेन।अतः पालिकाबाट विद्यालयलाई जाने सबै रकमहरु देखिने गरी सफ्टवेयर प्रणालीमा प्रविष्टि गरी विद्यालयगत निकासाको एकिकृत अभिलेख देखिने निकासा खाता तयार गर्नु पर्दछ।

७१ **सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) अनुसार सम्बन्धित स्थानीय निकायले सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितिको नियमित अनुगमन गरी एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने र सोको कार्यान्वियन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्नुपर्ने ब्यबस्था छ। आ.व.२०८१।८२ मा पालिका अन्तर्गतका विद्यालयहरुको शैक्षिक गुणस्तर स्थिति तथा सो सम्बन्धी अनुगमन प्रतिवेदन तयार गरेको देखिएन। पालिकाले आफ्नो कार्यक्षेत्रका विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न ध्यान दिनु पर्दछ ।

७२ **शिक्षक दरवन्दी र पदपूर्ति :**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २९ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| सि नं | विद्यालयको नाम र ठेगाना | शिक्षक दरबन्दी | | | | पदपूर्ति | | | | | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्थायी | राहत | करार | निजी स्रोत | स्थायी | राहत | करार | जम्मा | निजी स्रोत | | |
| 1. | जन ज्याति मा.वि. क्व्होलासोथार–१, बाग्लुङपानी | ११ | | २ | १ | ११ | | २ | १३ | १ | ८६ | ६:६ |
| 2. | शारदा मा.वि. क्व्होलासोथार–२, मालिङ | ९ | १ | ३ | २ | ९ | १ | ३ | १३ | २ | १३६ | १०:४ |
| 3. | घले उत्तरकन्या मा.वि. क्व्होलासोथार–३, बगुम | ९ | १ | १ | १ | ९ | १ | १ | ११ | १ | ७२ | ६:५ |
| 4. | त्रिभुवन विद्याश्रम मा.वि. क्व्होलासोथार–४, भुजुङ | ११ | | २ | १ | ११ | | २ | १३ | १ | २३२ | २४=८ |
| 5. | हिमालय मा.वि. क्व्होलासोथार–५, सिङ्दी | ९ | १ | २ | १ | ९ | १ | २ | १२ | १ | २२६ | १८:८ |
| 6. | पसगाउँ ठाँटी मा.वि. क्व्होलासोथार–६, पसगाउँ | ६ | १ | ४ | २ | ६ | १ | ४ | ११ | २ | ९४ | ८:५ |
| 7. | बनस्थली मा.वि. क्व्होलासोथार–७, चरागाउँ | ६ | २ | ३ | १ | ६ | २ | ३ | १० | १ | ८३ | ८:३ |
| 8. | सूर्योदय मा.वि. क्व्होलासोथार–८, घाम्राङ | ५ | ३ | २ | २ | ५ | ३ | २ | ८ | २ | ७३ | ९=१ |
| 9. | बुद्धोदय मा.वि. क्व्होलासोथार–९, गिलुङ | १० | १ | ४ | २ | १० | १ | ४ | १५ | २ | १३३ | ८:८ |
| 10. | लोकवाला आ.वि. क्व्होलासोथार–१, साम्रोङ | १ | | ० | | १ | | | १ | | ८ | ८ |
| 11. | सुरेन्द्र आ.वि. क्व्होलासोथार–१, नजरे | २ | | ० | | २ | | | २ | | १२ | ६ |
| 12. | सरस्वती आ.वि. क्व्होलासोथार–१, कपुरगाउँ | २ | | १ | | २ | | १ | ३ | | २० | ६:६ |
| 13. | गौमती आ.वि. क्व्होलासोथार–२, कलैची | १ | | ० | | १ | | | १ | | ४ | ४ |
| 14. | शैल मन्दिर आ.वि. क्व्होलासोथार–२, शैलुङ | २ | | ० | | २ | | | २ | | ५ | २:५ |
| 15. | विद्या मन्दिर आ.वि. क्व्होलासोथार–२,सुम्ले | १ | | ० | | १ | | | १ | | २ | २ |
| 16. | रामोदय आ.वि. क्व्होलासोथार–३, खगुम | १ | | ० | | १ | | | १ | | ४ | ४ |
| 17. | कृष्ण आ.वि. क्व्होलासोथार–३, फुल्म्रो | १ | | ० | | १ | | | १ | | ३ | ३ |
| 18. | घले उत्तरकन्या आ.वि. क्व्होलासोथार–३, घलेगाउँ | ४ | | ० | | ४ | | | ४ | | ४५ | ११:२ |
| 19. | कमा आ.वि. क्व्होलासोथार–४, कमा | २ | | ० | | २ | | | २ | | १३ | ६:५ |
| 20. | जनकेशरी आ.वि. क्व्होलासोथार–७, कुम्लुङ | १ | | ० | | १ | | | १ | | ४ | ४ |
| 21. | लालीगुराँस आ.वि. क्व्होलासोथार–७, | १ | | ० | | १ | | | १ | | ७ | ७ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 22. | रत्नहिरक आ.वि. क्व्होलासोथार–७, डोठको | २ | | ० | | २ | | | २ | | २० | १० |
| 23. | सुर्यज्योति आ.वि. क्व्होलासोथार–७, भोजे | २ | | ० | | २ | | | २ | | ८ | ४ |
| 24. | ताँमु आ.वि. क्व्होलासोथार–८, ताँमु | १ | | १ | | १ | | | २ | | ९ | ४:५ |
| 25. | चन्द्रोदय आ.वि. क्व्होलासोथार–८, घाम्रङबेसी | २ | | ० | | २ | | | २ | | १५ | ७:५ |
| 26. | शान्ति देवी आ.वि. क्व्होलासोथार–८, घिचे | १ | | ० | | १ | | | १ | | ४ | ४ |
| 27. | थल्जुकन्या आ.वि. क्व्होलासोथार–९, टक्सार | ३ | | ० | | ३ | | | ३ | | ४६ | १५:३ |
| 28. | ज्योति बिन्दु आ.वि. क्व्होलासोथार–९, गिलुङ | ३ | १ | १ | | १ | १ | | ३ | | २० | ६:६ |
| 29. | ज्वाला देवी आ.वि. क्व्होलासोथार–९, छाप | २ | | ० | | २ | | | २ | | ९ | ४:५ |

उपरोक्त अनुसारको सि नं १० को लोकवाला आ.वि. क्व्होलासोथार–१, साम्रोङ मा ८ विद्यार्थी रहेकोमा १ जना शिक्षक दरवन्दी, सि नं १३ को गौमती आ.वि. क्व्होलासोथार–२, कलैचीमा ४ जना विद्यार्थी रहेकोमा १ जना शिक्षक दरवन्दी, सि नं १४ को शैल मन्दिर आ.वि. क्व्होलासोथार–२, शैलुङमा ५ जना विद्यार्थी रहेकोमा २ जना शिक्षक दरवन्दी, सि नं १५ को विद्या मन्दिर आ.वि. क्व्होलासोथार–२,सुम्लेमा २ जना विद्यार्थी रहेकोमा १ जना शिक्षक दरवन्दी, सि नं १६ को रामोदय आ.वि. क्व्होलासोथार–३, खगुममा ४ जना विद्यार्थी रहेकोमा १ जना शिक्षक दरवन्दी, सि नं १७ को कृष्ण आ.वि. क्व्होलासोथार–३, फुल्म्रो मा ३ जना विद्यार्थी रहेकोमा १ जना शिक्षक दरवन्दी, सि नं २० को जनकेशरी आ.वि. क्व्होलासोथार–७, कुम्लुङमा ४ जना विद्यार्थी रहेकोमा १ जना शिक्षक दरवन्दी र सि नं २६ को शान्ति देवी आ.वि. क्व्होलासोथार–८, घिचेमा ४ विद्यार्थी रहेकोमा १ शिक्षक दरवन्दी रहेका छन। विद्यार्थी संख्या न्यून भएका विद्यालयलाई नजिकको पाएक पर्ने अन्य विद्यालयमा गाभी विद्यार्थीहरु पठन पाठनको व्यवस्था मिलाउनु पर्दछ।

### ७३ विद्यालय लेखापरीक्षण अनुदानः

विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयन निर्देशिका २०८१।८२ को क्रियाकलाप नं २.७.१३.१० मा स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमध्ये आधारभुत तह सञ्चालित विद्यालयहरुका लागि प्रति विद्यालय रु १० हजार र माध्यमिक तह सञ्चालित विद्यालयहरुमा प्रति विद्यालय रु १५ हजारको दरले सामाजिक तथा आर्थिक लेखापरीक्षण शिर्षकमा एकमुष्ट अनुदान निकासा दिने व्यवस्था रहेको र सोही बमोजिम विद्यालयले अन्तिम लेखापरीक्षण हुनु पूर्व नै उक्त लेखापरीक्षण कार्यसम्पन्न गरी स्थानीय तहमा प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले आ व ०८१।८२ मा पालिकाका विद्यालयको आर्थिक लेखापरिक्षणको लागि रु. ३३५०००।०० रकम-निकासा गरी खर्च लेखेकोमा निकासा भएको आर्थिक वर्षको विद्यालयले आर्थिक लेखापरीक्षण गराइ सोको प्रमाण पेश गर्नु पर्दछ।

| क्र सं | विद्यालयको नाम | रकम |
|---|---|---|
| १ | जनज्योति मावि | १५००० |
| २ | लोकवाला प्रावि | १०००० |
| ३ | सुरेन्द्र प्रावि | १०००० |
| ४ | सरस्वती प्रावि | १०००० |
| ५ | शारदा मावि | १५००० |
| ६ | गौमति प्रावि | १०००० |
| ७ | शैलमन्दिर प्रावि | १०००० |
| ८ | विद्यामन्दिर प्रावि | १०००० |
| ९ | घलेउत्तरकन्या मावि | १५००० |
| १० | घलेउत्तरकन्या प्रावि | १०००० |
| ११ | रामोदय प्रावि | १०००० |
| १२ | कृष्ण प्रावि | १०००० |
| १३ | त्रिभुवन विद्याश्रम मावि | १५००० |
| १४ | कमा प्रावि | १०००० |
| १५ | हिमालय मावि | १५००० |
| १६ | पसगाँउ ठाँटी मावि | १५००० |
| १७ | वनस्थली मावि | १५००० |
| १८ | जनकेशरी प्रावि | १०००० |
| १९ | रत्नहिरक प्रावि | १०००० |
| २० | लालीगुराँस प्रावि | १०००० |
| २१ | सुर्योज्योति प्रावि | १०००० |
| २२ | सूर्योदय मावि | १५००० |
| २३ | तामु प्रावि | १०००० |
| २४ | शान्तीदेवि प्रावि | १०००० |
| २५ | चन्द्रोदय प्रावि | १०००० |
| २६ | बुद्धोदय मावि | १५००० |
| २७ | थल्जुकन्या प्रावि | १०००० |
| २८ | ज्योतिविन्दु प्रावि | १०००० |
| २९ | जवालादेवि प्रावि | १०००० |
| जम्मा | | ३३५००० |

७४ **सामुदायिक सिकाइ केन्द्र सञ्चालन अनुदान :**

विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयन निर्देशिका २०८१।८२ को क्रियाकलाप नं २.७.१३.११ मा स्थानीय तहले नियमित सञ्चालनमा रहेका तथा निश्चित मापदण्ड पुगेका सामुदायिक सिकाई केन्द्रको सञ्चालनको लागि वार्षिक एकमुष्ठ २ लाख रुपैया सम्म अनुदान दिन सक्ने व्यवस्था रहेको छ । उक्त अनुदान रकमबाट सामुदायिक सिकाई केन्द्रका परिचालिकाको प्रमाणित हाजिरीको आधारमा मासिक ८००० को दरले १२ महिनाको रकम पारिश्रमिकमा खर्च गर्न सकिने तथा बाँकी अनुदानबाट सिकाई केन्द्रले बार्षिक कार्यक्रम तयार गरी व्यवस्थापन समितिबाट स्वीकृत गर्नुपर्ने र कार्यक्रमको प्रस्तावनाको आधारमा स्थानीय तहले थप बजेटको व्यवस्था गर्न सक्ने व्यवस्था रहेको छ । पालिकाले जनकल्याण सामुदायिक सिकाइ केन्द्र र मिलिजुली सामुदायिक सिकाइ केन्द्रलाई कर्मचारीको तलब वापत रु.२४३९९९।०० रकम निकासा दिएकोमा उक्त सिकाइ केन्द्रबाट यस आर्थिक वर्षमा कुनै पनि कार्यक्रमको प्रस्तावना पेश गरी कार्यक्रम सञ्चालन गरेको छैन। सिकाइ केन्द्रको उद्देश्य अनुरुप कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

७५ **इन्टरनेट जडान :**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **१८१,७७७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

७६ **दिवा खाजा :**

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८१।८२ क्रियाकलाप नं. २.७.११.१ (घ) अनुसार दोस्रो त्रैमासिक देखि स्थानीयतहले विद्यालय भौतिक रुपमा पूरा समय चलेको दिन खाजा उलब्ध गराईएका विद्यालयको प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट विद्यार्थीको सङ्ख्यात्मक विवरण प्रमाणित गराई स्थानीय तहमा सङ्कलन गरी सङ्ख्या यकिन भए पश्चात मात्र थप अनुदान दिने व्यवस्था मिलाउने उल्लेख छ । त्यसैगरी क्रियाकलाप नं. २.७.११.१ (छ) अनुसार विद्यालयबाट गरिएको दिवा खाजा कार्यक्रमको निरीक्षण अनुगमन स्थानीय तहबाट गर्ने र सबै सामुदायिक विद्यालयमा दिवा खाजा अनुगमन निरीक्षण पुस्तिका खडा गर्नुपर्ने एवम् उक्त निरीक्षण पुस्तिकामा सङ्घिय सरकार, प्रदेश सरकार र स्थानीय तहका पदाधिकारी एवम् कर्मचारी र निरीक्षण अनुगमनमा खटिएका व्यक्तिले आफ्नो राय सुझाव दिने व्यवस्था रहेको छ । पालिकाले विद्यालयको हाजिरी विवरण परीक्षण नगरी विद्यालयको मागको आधारमा रु. १८९५७७५।०० निकासा दिएको देखिएकोले विद्यार्थीको हाजिरी एकीन गरी रकम निकासा गर्नुपर्ने देखिन्छ।

७७ **सेनिटरी प्याड खरिद तथा वितरण :**

विद्यालयमा अध्ययनरत किशोराबस्थाका छात्राहरुलाई आबश्यक सेनिटरी प्याड सम्बन्धित विद्यालयलाई हस्तान्तरण गरी प्राप्त सामान विद्यालयले जिन्सीमा अभिलेख राखी छात्राहरुको नाम नामेसी स्पष्ट खुल्ने गरी वितरण गरेको अभिलेख समेत राख्नुपर्ने व्यवस्था कार्यविधिमा उल्लेख छ । पालिकाले यस आ.ब मा ४४०२ प्याकेट सेनिटरी प्याड खरिद गरी रु. ३,६०,९३२।- खर्च लेखेको छ। खरिद गरेको सेनिटरी प्याडमध्ये ४३५५ थान बिभिन्न बिद्यालहरुलाई हस्तान्तरण गरेकोमा सम्बन्धित छात्राहरुलाई वितरण गरेको भर्पाइ पेश भएको देखिएन। कार्यविधि अनुसार वितरणको अभिलेख राखी सोको आधारमा आवश्यक परिमाण यकिन गरी सेनिटरी प्याट खरिद तथा खर्च गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

७८ **सामाजिक सुरक्षा तर्फ :**

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगतकट्टा तथा भत्ता वितरण लगायत यससँग सम्बन्धित विविध व्यवस्थाहरु गरेको छ। यस बर्ष पालिकाले EFT मार्फत रु. ८१०००७१।००सामाजिक सुरक्षा भत्ता वितरण गरेकोमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्:

७८.१ **नागरिकता नम्बर दोहोरो परेको :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या दोहोरिएको यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने

जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था रहेकोमा पालिकाले नागरिकता नं अद्यावधिक नगरी एउटै नागरिकता नम्बर दुई जनाको नाममा रहेको देखिएकोले सो सम्बन्धमा यकिन गरी लाभग्राही समुदायको संख्या यकिन गर्नुपर्ने देखिन्छ। नागरिकता नम्बर एउटै परेको केही उदाहरण निम्नानुसार रहेको छ**:**

| सि.नं. | व्यक्तिगत परिचय नं. | नामथर | वडा नं. | नागरिकता नं | EFT_AMT |
|---|---|---|---|---|---|
| १ | १९८५०५१२००५३४ | आइत मान लामा | १ | १८०५ | १२००० |
| २ | २०१५०२०७०१९५५ | लालु पाते गुरुङ | ७ | १८०५ | ७९८० |
| ३ | १९९३०३०३००८६२ | उमर बहादुर गुरुङ | १ | २२२६ | १२००० |
| ४ | २०२६०५०२०१२२२ | चुन माया गुरुङ | १ | २२२६ | ७९८० |
| ५ | १९८८०८०५००४०३ | कास्पीरी गुरुङ | १ | २१३८ | १२००० |
| ६ | २०११०१२८०२१३३ | करे जं गुरुङ | ८ | २१३८ | १२००० |
| ७ | २००७०७०७०५९७८ | काशि माया गुरुङ | १ | २१७२ | १२००० |
| ८ | २०११०४०३०५८२८ | च्याग्री माया क्षेत्री | ८ | २१७२ | १२००० |
| ९ | १९९५०८१७००६४३ | गंगा गुरुङ | १ | २२१६ | १२००० |
| १० | २०१९१११२०१५९४ | मेग रास सार्की | ८ | २२१६ | ७९८० |
| ११ | १९९५११०१००१६५९ | गर्वे गुरुङ | १ | २३१७ | १२००० |
| १२ | २०१३०२०५११०६९३ | चन्द्र बहादुर गुरुङ | ८ | २३१७ | १२००० |
| १३ | २०१३०३०३०४२८२ | गंगा कुमारी गुरुङ | १ | २२७० | १२००० |
| १४ | २००८०११५०३६२१ | पसपती गुरुङ | ८ | २२७० | १२००० |
| १५ | २०१११११११०६२३८ | तोक वहादुर गुरुङ | १ | २३४९ | १२००० |
| १६ | २००२०४०८०२१४६ | नन्दा देवी गुरुङ | ८ | २३४९ | १२००० |
| १७ | २००४०४०४०५०६३ | धन प्रसाद गुरुङ | १ | २२९१ | १२००० |
| १८ | २००७०४०४०२१९३ | पंच बहादुर गुरुङ | ८ | २२९१ | १२००० |
| १९ | २०१२०२०२०१६५६ | नर काशी तामाङ | १ | २३४१ | १२००० |
| २० | १९९७१११४०१०४४ | आस कुमारी गुरुङ | ८ | २३४१ | १२००० |
| २१ | २०१०१०१७०३४९१ | पदम बहादुर गुरुङ | १ | २० | १२००० |
| २२ | २०१२०११०१२३९३ | राज कुमारी गुरुङ भन्ने ज्ञानु गुरुङ | ६ | २० | १२००० |
| २३ | २००१०७१६००६५२ | पदम बहादुर कामी | १ | १४४१ | १२००० |
| २४ | २०११०२०८०१३४१ | आस बहादुर कामी | ९ | १४४१ | १२००० |
| २५ | २०१२१२१२०८०१४ | मिश्री गुरुङ | १ | २४३४ | १२००० |
| २६ | २०२८०२०५०४७५८ | कुल बहादुर गुरुङ | ८ | २४३४ | ६३८४ |
| २७ | २००६०६०६०५५५२ | मिठी कुमारी गुरुङ | १ | २२३९ | १२००० |
| २८ | २०११०१०१३०८१८ | गोफ्ले सार्की | ८ | २२३९ | १२००० |
| २९ | २००७०६०२०१९९६ | रण घले | १ | १९५ | १२००० |
| ३० | २०१२०२१०१२६१५ | मेन माया गुरुङ | ६ | १९५ | १२००० |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३१ | २०११०१०११५८७६ | रत्न कुमारी कमीनी | १ | २६२३ | १२००० |
| ३२ | २००४०१०७०१७५३ | जमुना गुरुङ | ६ | २६२३ | १२००० |
| ३३ | २००५०५०५०७८२८ | विमाया तामाङ भन्ने विमाया गुरुङ | १ | २३८३ | १२००० |
| ३४ | २०१८०६१००२१२७ | मन कुमारी गुरुङ | ८ | २३८३ | ७९८० |
| ३५ | २०१३०३०३०४३१६ | वुद्धि प्रसाद गुरुङ | १ | २४३३ | १२००० |
| ३६ | १९९६१२३१४८५४४ | डुली गुरुङ | ८ | २४३३ | १२००० |
| ३७ | २०१२०२०२०१६६४ | विनु माया गुरुङ भन्ने विना गुरुङ | १ | २३०४ | १२००० |
| ३८ | १९९६१२३१४८४८६ | बिन सरि गुरुङ | ७ | २३०४ | १२००० |
| ३९ | २०१२१००३००५७६ | सुन्तला लामा | १ | १३५९ | १२००० |
| ४० | २००६०२०७०३६१२ | केसलाल बराल | ८ | १३५९ | १२००० |
| ४१ | १९९८०७०१००६०१ | सुक बहादुर तामाङ | १ | १४१० | १२००० |
| ४२ | २०१९०५०८०२४२८ | देउ माया तमाङ | ९ | १४१० | ७९८० |
| ४३ | १९८००८०८००११५ | सन्तु गुरुङ | १ | २२६७ | १२००० |
| ४४ | २००७०२१५०२१३६ | हिम चली गुरुङ | ८ | २२६७ | १२००० |
| ४५ | २०१०११०२००६१२ | सकिर्नी कामी | १ | २७१८ | १२००० |
| ४६ | २०२००४०८०२१२२ | बुधी माया सार्कि | ६ | २७१८ | ७९८० |
| ४७ | २००२०२१००४७७९ | आस माया सुनार | २ | ५८४ | १२००० |
| ४८ | १९९८०४१८००५४५ | विरु गुरुङ | ३ | ५८४ | १२००० |
| ४९ | २०१२०७१९००५४५ | उविनी गुरुङ | २ | १३८३ | १२००० |
| ५० | २००२०११२०२८२१ | तस्वीर गुरुङ | २ | १३८३ | १२००० |
| ५१ | २००७०२१२०१७१३ | उदरास । गुरुङ | २ | ८८० | १२००० |
| ५२ | २००११०२५०५७३८ | काल बहादुर गुरुङ | ९ | ८८० | १२००० |
| ५३ | १९९४०४१००२२७३ | क्षमा गुरुङ | २ | ३१४९ | १२००० |
| ५४ | २००७०१०२०२०२९ | साइली माया गुरुङ | ५ | ३१४९ | १२००० |
| ५५ | २००४०१०११४८३३ | काली माया गुरुङ | २ | ७६९ | १२००० |
| ५६ | २००७०२१५०४४९६ | मन रुपा भन्ने गौली माया गुरुङ | २ | ७६९ | १२००० |
| ५७ | २००९०९१६०१५२५ | केश बहादुर गुरुङ | २ | १४४२ | १२००० |
| ५८ | २०१६०१०११२४१९ | पार्वती क्षेत्री | ९ | १४४२ | ७९८० |
| ५९ | २००४०१०११४७५९ | केश कुमारी गुरुङ | २ | ६६३ | १२००० |
| ६० | २००४०४१८०२०१८ | पित्र कुमारी गुरुङ | ३ | ६६३ | १२००० |
| ६१ | १९९७०१०५०३९५७ | काले सुनार | २ | २०५० | ४९०३ |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६२ | २०११०४०७०२४९५ | पेच बहादुर गुरुङ | ७ | २०५० | १२००० |
| ६३ | २०११०७०८०२३७१ | काशी माया लामा | २ | ५२१ | १२००० |
| ६४ | २००३०२०६०१०७८ | पुतली गुरुङ | ६ | ५२१ | १२००० |
| ६५ | १९९५१२१७००८०१ | कुर काशी गुरुङ | २ | ६७१ | ३६२५ |
| ६६ | २०१००३०७०४५८६ | खड्ग गुरुङ | ३ | ६७१ | १२००० |
| ६७ | २००३०१०१६४७०७ | गोविनी । गुरुङ | २ | ८३३ | १२००० |
| ६८ | १९९७०२२००१४३८ | सन्तकुमारी लामा | २ | ८३३ | १२००० |
| ६९ | २००७०३१५०६२२६ | गणेश बहादुर गुरुङ | २ | १३८१ | १२००० |
| ७० | २००९०३१००९३३४ | देवी जं गुरुङ | ८ | १३८१ | १२००० |
| ७१ | २०१२०५१४०२५६१ | चुरामाया भन्ने उत्तम कुमारी गुरुङ | २ | ३८३१ | १२००० |
| ७२ | २०११०१०१०७७५८ | नन्दसरी कामी | ४ | ३८३१ | १२००० |
| ७३ | २००२१०२६००६१२ | चिनीमाया गुरुङ | २ | ६१२ | १२००० |
| ७४ | २०११०४१००६३४२ | बुधि गुरुङ | ३ | ६१२ | १२००० |
| ७५ | २०१२०९०४०२७८८ | जौ माया गुरुङ | २ | १ | १२००० |
| ७६ | २००९०९१७०१००२ | काबिनी गुरुङ | ४ | १ | १२००० |
| ७७ | २००४१२३३६०७४५ | तुल बहादुर गुरुङ | २ | ३४५ | १२००० |
| ७८ | २००१०५१६०२५८५ | चन्द्र मान गुरुङ | ९ | ३४५ | १२००० |
| ७९ | २००३०५१८०२४२१ | तिर बहादुर गुरुङ | २ | ८२५ | १२००० |
| ८० | १९९७०७१२००९५६ | वुद्दि बहादुर क्षेत्री | २ | ८२५ | १२००० |
| ८१ | २००८०९१००७९९८ | थोप बहादुर गुरुङ | २ | ३६७२ | १२००० |
| ८२ | २००६१२३०८८९६४ | मविना गुरुङ | ४ | ३६७२ | १२००० |
| ८३ | २००८०७१६००८९५ | धन बहादुर थापा | २ | १४३६ | १२००० |
| ८४ | २०११०४०५०७७५३ | नर बहादुर गुरुङ | ९ | १४३६ | १२००० |
| ८५ | २००९०७०४०१७९८ | धन कुमारी लामा | २ | ८२९ | १२००० |
| ८६ | २००३०४१५०८५४२ | नर बहादुर गुरुङ | २ | ८२९ | १२००० |

७८.२ **बढी निकासा :**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **१३१,९४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

७८.३

**लगत अद्यावधिक नभएको :** सामाजिक सुरक्षा भत्ता बितरण कार्यबिधि २०७७ को बुदा ५(१)मा स्थानिय तहले प्रत्येक आर्थिक बर्षको लागी भदौ मसान्त भित्र लाभग्रहीको नबिकरणको अभिलेख अनिबार्य रुपमा प्रणालिमा अभिलेख गर्नुपर्ने ब्यबस्था छ ।सो कार्यबिधिको बुँदा १० मा भत्ता पाउने लाभग्रहिको फोटो सहितको मुल अभिलेख लक्षित समुह अनुसार छुट्टाछुट्टै अद्याबधिक गरी स्थानिय तह र प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने ब्यबस्था भएकोमा कार्यविधि अनुसारको लाभग्राहिको अध्यावधिक लगत पेश हुन सकेन । कार्यविधि अनुसार लाभग्राहीको लगत अध्यावधिक गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्दछ।

७८.४ **निष्कृय खाता :** सामाजिक सुरक्षा भत्ता बितरण कार्यबिधि, २०७७ को बुदा २६(३) मा एक आर्थिक बर्षसम्म एक पटक पनि रकम नझिकेका लाभग्राहीको बिबरण सेवा प्रदायक बैकबाट अनुसुचि ११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीको सम्बन्धमा स्थानीय तहले छानबिन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्यता नभएको पाईएमा सम्बन्धित बैकबाट लगत कट्टा हुने मितिसम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघिय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ ।तर कार्यालयले निष्कृय खाताको विवरण राखेको पाइएन।

७९ **लागत सहभागिता :**

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

८० **पेश्की :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष देहाय बमोजिमका कार्यक्रममा रु. ३८,२४,९४०.०० पेश्की दिएको छ। पेश्कीको आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फस्र्योट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गर्नुपर्दछ ।

| क्र.सं. | पेश्की लिएको मिति | गो. भौ. न. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | जम्मा बाँकी पेश्की | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | म्याद ननाघेको | म्याद नाघेको | जम्मा |
| १. | २०८१/०४/०१ | १ | संघ तथा प्रदेशको समपुरक म्याचिङ फन्ड | सिद्धि विनायक कन्स्ट्रक्शन | १९,१२,४७०.०० | | १९,१२,४७०.०० |
| २. | २०८२/०३/३२ | २७ | सडक तथा पूल निर्माण | सिद्धि विनायक कन्स्ट्रक्शन | १९,१२,४७०.०० | | १९,१२,४७०.०० |
| **जम्मा** | | | | | **३८,२४,९४०.००** | | **३८,२४,९४०.००** |

८१ **आन्तरिक लेखापरीक्षण :**

८१.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (३) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख भएकोमा यस पालिकामा आन्तरिक लेखापरीक्षण भएको भएतापनि त्रैमासिक रुपमा लेखापरीक्षण गराएको पाइएन । सबै कारोबार तथा वित्तीय विवरणको नियमित तथा आवधिक रुपमा आन्तरिक लेखापरीक्षण हुनुपर्दछ।

८१.२ **आन्तरिक लेखापरीक्षणबाट औँल्याइएका ब्यहोराहरु**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **३८४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **१,५०६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **३३९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **१८३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **३९६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **१८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : क्होलासोथार गाउँपालिका, लमजुङ , कव्होलासोथार गाउँपालिका , लमजुङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | MADHAV PRASAD WAGLE | २०८१-०४-०१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Basanta Paudel | २०८१-१२-२६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Kabi Ranabhat | २०८१-०४-०१ | २०८१-१२-१३ |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ३०४,९७८ | १०,४६३,५४३ | ७०३,३९६ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ११,४७१,९१७ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ८,६४३,१५६ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | २,८२८,७६१ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | २९०९१६६६ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २११२०४२५० | चालु खर्च | २२५३८३८३२ |
| प्रदेश सरकारबाट अनुदान | १५७१२००० | पूँजीगत खर्च | ७९३८३८४४ |
| राजश्व बाँडफाँट | ६६६७९०८९ | वित्तीय/अन्य व्यवस्था | ८६३४८५३२ |
| आन्तरिक आय | ५४९०९५८.० | | |
| अन्य आय | ८९३५५२६८ | | |
| कुल आय | ३८८४४१५६५.० | कुल खर्च | ३९१११६२०८ |
| बाँकी मौज्दात | | २६४१७०२३ | |

## अनुसूची - २

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।